लेखापरीक्षण प्रतिवेदन

घोराही उप महानगरपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

घोराही उप महानगरपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/196

श्रीमान् प्रमुखज्यू,
घोराही उप महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, दाङ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/196

श्रीमान् प्रमुखज्यू,
घोराही उप महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, दाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. उप महानगरपालिकाको आय र व्ययतर्फ रु.५ अर्ब ३० करोड ९६ लाख ५३ हजार मध्ये रु.८ करोड ८१ लाख ६६ हजार बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन । सो बाहेकको रु.५ अर्ब २२ करोड १४ लाख ८७ हजारको लेखापरीक्षणबाट रु.५ करोड ५ लाख ७८ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.२९ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७० लाख ६३ हजार र पेश्की बाँकी रु.४ लाख ५६ हजार गरी जम्मा रु.५ करोड ५ लाख ७८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.७० करोड २६ लाख ३७ हजारमध्ये यस वर्ष रु.९९ लाख ३५ हजार सम्परीक्षण भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.७४ करोड ३२ लाख ८० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. घोराही नगर विकास समितिको आय र व्ययतर्फ रु.७ करोड १५ लाख ५८ हजारको लेखापरीक्षणबाट रु.६ करोड १७ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले नियमित गर्नुपर्ने रु.१ करोड ५१ लाख ६० हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ६६ लाख ३१ हजार बाँकी रहेको छ। हालसम्मको अद्यावधिक बेरुजुको विवरण समितिले पेस गरेको छैन।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उप महानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **नगरकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत** घोराही उप महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

विवरण	कार्यालय संख्या	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
उपमहानगरपालिका	१	५५	९८	५,०५,७८,५१८	०	०	०	०	५५	९८	५,०५,७८,५१८	२९,९४,५७४	२,७०,६२,७१०	२,००,६५,२५९	०	०	४,७१,२७,९६९	४,५५,९७५
नगर विकास समिति	१	७	६	६,१७,९०,६२०	०	०	०	०	७	६	६,१७,९०,६२०	०	१,५१,५९,७१२	४,६६,३०,९०८	०	०	६,१७,९०,६२०	०
जम्मा	२	६२	१०४	११,२३,६९,१३८	०	०	०	०	६२	१०४	११,२३,६९,१३८	२९,९४,५७४	४,२२,२२,४२२	६,६६,९६,१६७	०	०	१०,८९,१८,५८९	४,५५,९७५

अद्यावधिक बेरुजू स्थिति

विवरण	कार्यालय संख्या	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उपमहानगरपालिका	१	७०,२६,३६,५२९	0	९९,३४,९९२	६९,२७,०१,५३७	0	५,०५,७८,५१८	७४.३२.८०.०५५
नगर विकास समिति	१	0	0	0	0	0	६,१७,९०,६२०	६,१७,९०,६२०
जम्मा	**२**	**७०,२६,३६,५२९**	**0**	**९९,३४,९९२**	**६९,२७,०१,५३७**	**0**	**११,२३,६९,१३८**	**८०,५०,७०,६७५**

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण				
१	२०८०/८१	२०	पाठ्यपुस्तक खरिद	७,३४४
२	२०८०/८१	४६	निर्माण कार्यको म्याद थप	७,७९,०००
३	२०८०/८१	४५.२	घोराही चोकदेखी गुलरिया पार्कसम्म सडक निर्माण कार्य	१,७९,१७९
४	२०८०/८१	४१.२	उपमहानगरपालिका पूजीगत	४५,०००

५	२०८०/८१	२५.७	उपमहानगरपालिका चालु तर्फ	१,५३,६००
६	२०७९/८०	१,२,३	शिक्षा तर्फ	२,८६,१६६
७	२०७९/८०	५९	दाखिला प्रतिवेदन नभएको	१,४७,९९३
८	२०७९/८०	२	छात्रवृत्ती	१,३२,२००
९	२०७९/८०	७५.१	घोराही चोक देखि गुलरिया पार्कसम्म सडक पिच	२३,१५,५३६
१०	२०७९/८०	७७.२	खैरा कोठरी सडक NCB-06/78-79	१०,२१,३०४
११	२०७९/८०	१३०.३, १३१.१	आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका व्यहोराहरु	३१,३३२
१२	२०७९/८०	९०.१	NCB-08/78-79	३४,३७,५९२
१३	२०७८/७९	४८	विद्यालय पाठ्यपुस्तक बढि निकासा	२,७२,४७१
१४	२०७८/७९	४६	विद्यालय दिवा खजा	८,८५,०७९
१५	२०७८/७९	१८.१	पेश्की कट्टा र फिर्ता	५०,०००
१६	२०७७/७८	६.३, ६.४	ठे न ३५-२०७६।७७ वडा न ९ र ११ को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण	८,९१५
१७	२०७७/७८	३.२	ठे न ३४-२०७७।७८ भवन निर्माण कार्य	३,२६५
१८	२०७६/७७	६३	मु.अ.क. समायोजन प्रमाण पेस	१७९०१६
जम्मा				**९९,३४,९९२**

घोराही उप महानगरपालिका, दाङ

(८०५५६३०१३००)

घोराही उप-महानगरपालिका , दाङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १९ वडा रहेको छन् भने क्षेत्रफल ५२२ वर्ग किलोमिटर तथा जनसंख्या २००५३० रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१ देखि २०८२।८।१० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् भने २०८२ भदौ महिनामा भएको आन्दोलनको क्रममा केही वडा कार्यालयका कागजात तथा प्रमाण नष्ट भएका तथा पालिकाको योजनाका कागजात नष्ट भएका कारण प्रमाणको उपलब्धता समेत सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आयव्यय जम्मा रु.५ अर्व ३० करोड ९६ लाख ५३ हजार मध्ये वडा नं.४,५,७,८,९,१०,११,१२,१३,१५,१७ तर्फ विनियोजित रु.८ करोड ८१ लाख ६६ हजार बाहेक रु.५ अर्व २२ करोड १४ लाख

८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३७२३६३ असुल भई दाखिला प्रमाण पेश भएको छ।

सि.नं	**विवरण**	**रकम रु.**
१	बढी तलब भुक्तानी फिर्ता	५५५१२
२	पारिश्रमिक कर दाखिला	१६४५४९
३	नवीकरण रकम	९६०००
४	दोहोरो सुविधा फिर्ता	१७०००
५	लागत साझेदारी घटी दाखिला	७०००
६	सामाजिक सुरक्षा भत्ता फिर्ता	२३८२१
७	बढी भुक्तानी दाखिला	७४८१
८	बहाल कर (वडा नं. ६) दाखिला	१०००
जम्मा		**३७२३६३**

२ एकीकृत वित्तीय विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१३२०८१२१३.०८	चालु खर्च		११३१२८९७००.१६
१.संचित कोष	८१७१६०९२.९१		१. पालिका तर्फ	४५५९५९२२८.७३	
२.धरौटी	३२८६२३७९.४९		२. संघीय सशर्त	६७४९०३७०९.१८	
३.विविध खर्च खाता	३१४२१८१.७६		३. प्रदेश सशर्त	४२६७६२.२५	
४.विविध कोष	७७८५९६४.५६				
५.प्रकोप व्यवस्थापन कोष	४६०३२६२.६३		पुँजीगत खर्च		६८४८३६२२२.६४
६.विभाज्य कोष	१९७१३३१.७३		१. पालिका तर्फ	५९१५४९३३२.६४	
यस वर्षको आय			२. संघीय सशर्त	५८३१८१३०	
१.आन्तरिक आय	२२७५१८९३५.११	२२७५१८९३५.११	३. संघीय विशेष	६४९४५५५	
२.स्थानीय राजस्व बाँडफाँट	२२०९७६२९७.६६	२२०९७६२९७.६६	४. प्रदेश सशर्त	१५४५२२०५	
२. वित्तीय हस्तान्तरण (संघ)		१३४५११६२५४.४९	५. प्रदेश समपूरक	१३०२२०००	
क) समानीकरण अनुदान	२७८१२४५६०		४. अन्तर सरकारी अख्तियारी (संघ)		६९०५५८२७३.२२
ख) राजस्व बाँडफाँट	२३९२३७०८९.६४		क) सामाजिक सुरक्षा	६१९८२२१४६.२२	
ग) सशर्त अनुदान	८२०५७८२७३		ख) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	२४८१५७९	
घ) विशेष अनुदान	६४९४५५५		ग) पर्यटन पूर्वाधार विकास योजना	६९३२४२४	
ङ) रोयल्टी	६८१७७६.८५		घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	२६००००००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		९९१९३८०४.७३	ङ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०००००	
क) समानीकरण अनुदान	२२०४७०००		च) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३४९२२१२४	
ख) राजस्व बाँडफाँट	४४४५०२५१.७३		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ग) सशर्त अनुदान	१९६७४५५३		ऋण फिर्ता(साँवा)		
घ) समपूरक अनुदान	१३०२२०००		ऋणको ब्याज भुक्तानी		
			धरौटी फिर्ता तथा सदर स्याहा	१७३१०३३०	१७३१०३३०
४. अन्तर सरकारी		६९०५५८२७३.२२	विविध खर्च खाता	६४०३४४३.५९	६४०३४४३.५९

अख्तियारी (संघ)					
क) सामाजिक सुरक्षा	६१९८२२१४६.२		विविध कोष खाता	१२९८६३४२.९४	१२९८६३४२.९४
ख) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	२४८१५७९		विभाज्य कोष खाता	२०३३१३०२.५४	२०३३१३०२.५४
ग) पर्यटन पूर्वाधार विकास योजना	६९३२४२४		अन्य सहयोगमा सञ्चालित योजना		
घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	२६००००००		अनुदान फिर्ता		९११५१६९०.५५
ङ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०००००		१. संघ तर्फ		
च) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३४९२२१२४		क) सशर्त अनुदान	८७३५६१०४.८	
			२. प्रदेश तर्फ		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			क) सशर्त अनुदान	३७९५५८५.७५	
६. ऋण/ वित्तीय व्यवस्था			अन्तिम मौज्दात		१३२०००४१०.९०
७. धरौटी आय	२३९८७५६६	२३९८७५६६	१. संचित कोषको मौज्दात	७०७५२६३६.५	
८. विविध खर्च खाता	८७८८७३५.८३	८७८८७३५.८३	२. धरौटी	३९५३९६१५.४९	
९. विभाज्य कोष खाता	२२०३९९१५.४६	२२०३९९१५.४६	३. विविध खर्च खाता	५५२७४७४	
१०. अन्य आय	३५०६७२०.९६	३५०६७२०.९६	४. विविध कोष	७८९९६२१.६२	
११. विविध कोष आय	१३१०००००	१३१०००००	५.प्रकोप कोष व्यवस्थापन	४६०३२६२.६३	
१२. अन्य आय भएमा			६.विभाज्य कोष	३६७७८००.६६	
जम्मा	२७८६८६७७१६.५४	२७८६८६७७१६.५४	जम्मा	२७८६८६७७१६.५४	२७८६८६७७१६.५४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको परीक्षण**

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६१,९८,२२,१४६.२२, घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्रको रु.२४,८१,५७९, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.६९,३२,४२४, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२,६०,००,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४,००,०००।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको

रु.३,४९,२२,१२४ समेत गरी रु.६९,०५,५८,२७३.२२ सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोबारको सही र यथार्थ चित्रण गरेको छैन। पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। साथै खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैंङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैंङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैंङ्क मौज्दात देहायअनुसार छ:

संकेत	खाताको प्रकार	स्रेस्ता अनुसार बाँकी रु.	बैंक अनुसार बाँकी रु.	फरक रु.
ग १.१	आन्तरिक राजस्व खाता	६२१११.४६	५४१०९२६.२१	५३४८८१४.७५
ग १.३	आन्तरिक अनुदान खाता	०	१२०००	१२०००
ग २.२	चालु खर्च खाता- जोर वर्ष	१५४८८.८९	०	१५४८८.८९
ग २.७	विविध खर्च खाता	५५२७४७४	५५२७४७४	०
ग ३.१	स्थानीय तह धरौटी खाता	३९५३९६१५.४९	३९५३९६१५.४९	०
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	७०६५८५३६.१५	६५०५१००८.७८	५६०७५२७.३७
ग ५.१	स्थानीय तह विविध कोष खाता	७८९९६२१.६२	७८९९६२१.६२	०
ग ६.१	स्थानीय तह विभाज्य कोष खाता	३६९४३००.६६	३६७७८००.६६	१६५००
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	४६०३२६२.६३	४६०३२६२.६३	०
जम्मा		**१३२०००४१०.९०**	**१३१७२१७०९.३९**	**२७८७०१.५९**

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैंङ्कबीच हिसाब मिलान गरी स्रेस्ताभन्दा बैंक घटी रकम आम्दानी बाँध्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,७८,७०२

३.३ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.५४१०९२६.२१ र आन्तरिक अनुदान खातामा रु.१२००० समेत रु.५४२२९२६.२१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

३.४ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१५४८८.८९ देखाएको छ।यकिन भइसकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१५,४८८

३.५

कार्य सञ्चालन तथा अन्य कोष – नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष कर्मचारी कल्याणकारी कोष, विपत व्यवस्थापन कोष, नि:शुल्क कानुनी सहायता कोष, गरिबी निवारण कोष, बाल कल्याण कोष, लैंङ्गिक हिंसा निवारण कोष, मानव संसाधन विकास कोष, स्थानीय विकास कार्य सञ्चालन कोष, महिला बालबालिका कोष, मानव संसाधन विकास कोष, वातावरण व्यवस्थापन कोष, मर्मत संभार कोष जस्ता कोषमा गत वर्षको रु.१५५२७४४४.३९ जिम्मेवारी सारेको र यस वर्ष प्राप्ति भएको रु.२४४०८९८८.८३ सहित रु.३९९३६४३३.२२ आय र रु.२१९६००३९.५३ खर्च गरी रु.१७९७६३९३.६९ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषकोनाम	कोषगठनभएकोकानुन	शुरु मौज्दात	यो वर्ष थप	योवर्षकोखर्च	बाँकी
कर्मचारीकल्याणकोष	कर्मचारीअवकाश (उपदान) सेवासञ्चालनकार्यविधि, २०७८	०	१३००००००	१२९८६३४२.९४	१३६५७
विपदव्यवस्थापनकोष	प्रकोपव्यवस्थापनकोषकार्यविधि¸२०७६	४६०३२६२.६३	२५७०२५३	२५७०२५३	४६०३२
नि:शुल्ककानुनीसहायताकोष		४०००००	०	०	४००००
गरिबीनिवारणकोष		१०००००	०	०	१००००
बालकल्याणकोष		३५००००	०	०	३५०००
लैङ्गिकहिंसानिवारणकोष		२५००००	०	०	२५०००
स्थानीयविकासकार्यसञ्चालनकोष		३५१३०००	०	०	३५१३०
महिलाबालबालिकाकोष		४९४०००	५००००	०	५४४००
मानवसंसाधनविकासकोष		१००००	०	०	१००००
वातावरणव्यवस्थापनकोष		९२५०००	०	०	९२५००
मर्मतसंभारकोष		१७४००००	०	०	१७४००
विविधखर्चखाता		३१४२१८१.७६	८७८८७३५.८३	६४०३४४३.५९	५५२७४
जम्मा		१५५२७४४४.३९	२४४०८९८८.८३	२१९६००३९.५३	१७९७६

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना

प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १९ वडाको लागि वडागत र पालिकास्तरका कुल ९२४ योजनामध्ये ५४८ अर्थात ५९.३० प्रतिशत योजना रु.५ लाख मुनिका रहेका छन्।

क्र.स.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिका स्तरीय	४०९	५३	२६६	९०
२	वडा स्तरीय	५१५	०	५७	४५८
जम्मा		९२४	५३	३२३	५४८

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने देखिन्छ। पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

४.३ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले ९२४ योजना तथा कार्यक्रमका लागि सभाबाट २०८१।३।११ मा रु.२ अर्ब ४२ करोड ७७ लाख १८ हजारको बजेट पारित गरी २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको छ। तर उक्त योजना तथा कार्यक्रमहरू कार्यान्वियन हुन नसक्नुको कारण उल्लेख नगरी हिँउदे अधिवेशनबाट २४८ योजना तथा कार्यक्रममा रू.२८ करोड २३ लाख १७ हजार घट गरी नयाँ २३१ योजना तथा कार्यक्रममा रू.१५ करोड ८६ लाख ४० हजार रकमान्तर गरेको छ। उक्त रकम सुरू बजेटको तुलनामा ६.५३ प्रतिशत हुन आउछ।साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ३ योजनामा रु.११ लाख खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

क्र.स.	योजनाको नाम	रकम (रु हजारमा)
१	कृष्ण कुमार के.सी.को घरदेखि दक्षिण ९ नं. वडा कार्यालयसम्म पक्की नाला निर्माण	४००
२	खानेपानी तथा सिंचाई पाईप तथा सामग्री खरिद	६००
३	वडा नं. ८ वनगाउँ थारुगाउँमा सामुदियक भवन अधुरो मर्मत	१००
जम्मा		११००

४.४ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रु.हजारमा)

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	६८४८३६	३६२५१	१०४९६२	१४४२०५	३९९४१८	२१६२७५
खर्च प्रतिशत	१००	५.२९	१५.३२	२१.०६	५८.३३	३१.५८

पालिकाको पुँजीगत तर्फ रु.६८ करोड ४८ लाख ३६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३ करोड ६२ लाख ५१ हजार (५.२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१० करोड ४९ लाख ६२ हजार (१५.३२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१४ करोड ४२ हजार ५

हजार (२१.०६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.३९ करोड ९४ लाख १८ हजार (५८.३३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.२१ करोड ६२ लाख ७५ हजार (३१.५८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु.हजारमा)

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत कूल खर्चको तुलनामा**
१	आर्थिक विकास	४५३८५	३६७७३	२.०२
२	सामाजिक विकास	१०६१७९६	८८०८६८	४८.५१
३	पूर्वाधार विकास	७७०११२	५३१८९२	२९.२८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	७९०१७	५७८६७	३.१९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	३८८६३१	३०८७२५	१७
जम्मा		**२३४४९४१**	**१८१६१२५**	१००

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ७७.४४ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.५१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी ३.१९ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

४.६ **अबण्डा बजेट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्विकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य तथा जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(क) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको सुनिश्चित भएको यकिन गरी खर्च गर्नपुर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(४) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाइने व्यवस्था छ। पालिकाले सभाबाट स्वीकृत बजेटमा देहाय अनुसारका शीर्षकमा विनियोजन गरी कार्यापलिकाको निर्णय अनुसार विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरेको देखिन्छ। स्पष्ट योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी तोकिएको शीर्षक र सीमाभित्र रही बजेट खर्च गर्नुपर्दछ।

क्र.सं.	बजेट शीर्षक	विनियोजित रकम रु.
१	मर्मत संभार	७००००००
२	विपद व्यवस्थापन	५००००००
३	संघ प्रदेश नगर वडा तथा सडक बोर्ड झोलुङ्गे पुल तथा अन्य समपूरक	६५००००००
४	तटबन्धका लागि तारजाली तथा आवश्यक सामाग्री खरिद	४००००००
५	विपदबाट क्षति भएका संरचनाहरुको संरक्षण तथा निर्माण	५००००००
६	खानेपानी मर्मत तथा शौचालय निर्माढण तथा मर्मत	८४०००००
७	संघ सरकारको लागत साझेदारीमा विद्यालय भवन निर्माण	१६५०००००

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरेपनि लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितामा विश्वस्त हुन सक्ने अवस्था देखिएन। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना खरिद योजना तयार गरेको छैन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाइएन।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख देखिएन,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान १ महिना भित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

७ पाम्सको प्रयोग

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले खरिद गरेको मालसामान PAMS प्रणालीमा प्रबिष्ट गर्ने गरेतापनि वडा कार्यालयबाट खरिद भएका मालसामानहरु PAMS दाखिला गरेको देखिएन।ऐन नियमावलीमा व्यवस्था भए बमोजिम PAMS प्रणाली पूर्णरुपमा ल्याउनुपर्दछ।

८ **खरिद विधि**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यका आधारमा कुनै विधि अपनाई खरिद गर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष निम्नानुसार खरिद विधि अवलम्बन गरेको छ:

क्र.स.	खरिद विधि	संख्या	खर्च रकम रु.
१	खुला बोलपत्र	३०	३५७४९८०१८
२	सिलवन्दी दरभाउपत्र	१	१३०००००
३	सोझै खरिद	१०	७६४३०१४
४	उपभोक्ता समिति	७६२	२५३६२९९४८
जम्मा		८०३	६२००७०९८०

सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा खरिद योजना बनाई सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

९ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२२७५१८९३५, राजस्व बाँडफाँट र अनुदानबाट रु.१५७७६२७०३१ समेत रू.१८०५१४५९६६ आम्दानी भएकोमा चालु तर्फ रु.११३१२८९७००, पुँजीगत तर्फ रु.६८४८३६२२२ समेत रु.१८१६१२५९२२ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.५२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. २२२१३००० खर्च भएको छ जुन आन्तरिक आयको ९.७६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६२.२९ प्रतिशत चालु र ३७.७१ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा उत्पादनशिल क्षेत्रमा परिचालन गर्नुपर्दछ।

१० **संगठन तथा कर्मचारी व्यवस्थापन**

१०.१ **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ ९२ कर्मचारीको रु.७ करोड १८ लाख ९ हजार र पालिकातर्फका १७६ कर्मचारीको रु.११ करोड ५९ लाख ६८ हजार गरी रु.१८ करोड ७७ लाख ७७ हजार खर्च लेखेको छ। पारित तलबी प्रतिवेदन बेगर कर्मचारीले भुक्तानी पाउनुपर्ने तथा भुक्तानी भएको ग्रेड रकम यकिन गर्न सकिएन। अत : कानुनमा व्यवस्था भए अनुसार तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड रकम खर्च लेख्नुपर्दछ।

१०.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत सहित ३३८ दरबन्दी स्वीकृत गरेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २५७ जना पदपूर्ती भएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा उपसचिव नवौं, प्रशासन नवौं, महिला विकास अधिकृत नवौं, प्रशासन सातौं, आलेप अधिकृत प्रशासन सहायक लगायत विभिन्न ८१ पद रिक्त रहेको देखिन्छ। रिक्त पदको लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति

नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

१०.३ **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु.१,३०,००,०००।- विनियोजन गरी कोषमा जम्मा गरेको छ। यस आर्थिक वर्षमा कोषबाट रु.१२९८६३४२ खर्च भएको छ। पालिकाले मिति २०७८-५-१६ मा कर्मचारी अवकाश (उपदान) सेवा सञ्चालन कार्यविधि, २०७८ जारी गरी सो कार्यविधि बमोजिम सेवा सुविधा प्रदान गरेको छ। सोही नियममा स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छैन।

(विस्तृत विवरण बेरूजु दफा १०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११ कानुन निर्माण एवं कार्यान्वयन

११.१ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म ९ वटा ऐन, १ वटा नियमावली, १२ कार्यविधि लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखिन्छ।

११.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २७ र यो वर्ष थप भएको ११० गरी कुल १३७ विवाद दर्ता भएकोमा ९३ वटा फर्स्यौट भई ४४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ मा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) तथा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र २०४ वटा सहकारी संस्था रहेकोमा ६९ सहकारी संस्थाहरुले सुचना तथ्याँक तथा प्रतिवेदन लगायतका विवरणहरु एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरिएको सहकारी संस्था ६४ वटा रहेका छन् भने १४० वटा सहकारी संस्थाहरुको पालिकाबाट अनुगमन निरीक्षण गरेको पाइएन। पालिकामा संस्थागत रूपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला नगरेको र सहकारी संस्थाहरूको नियमित सघन अनुगमन नगरेको अवस्थामा सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा दुरुपयोग हुन सक्ने हुँदा त्यस्तो दुरूयोग रोक्न प्रचलित कानुनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गर्नुपर्दछ।

१३ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद - ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
पञ्जीकरणतर्फ		
जन्मदर्ता	३४९७	३४९७
मृत्युदर्ता	११७६	११७६
बसाँइसराइ दर्ता	९७३	९७३
विवाह दर्ता	१६२२	१६२२
सम्बन्धविच्छेद दर्ता	३००	३००
पूर्वाधार विकास सडक निर्माण		
कालोपत्रे सडक निर्माण	१३ कि.मि.	१३ कि.मि.
कालोपत्रे सडक मर्मत	३ कि.मि.	३ कि.मि.
ग्राभेल सडक निर्माण	१८ कि.मि.	१८ कि.मि.
ग्राभेल सडक मर्मत	१० कि.मि.	१० कि.मि.

१४ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालनसञ्चालन ऐन,२०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०८१ परिच्छेद ७ को बुँदा ४७ मा अतिरिक्त समय र बिदाको दिन काम गर्दाको खाजा खाना सम्बन्धी व्यवस्था छ। पालिकाको सार्वजनिक विदाको दिन कार्य गरेवापत सरसफाई व्यवस्थापन शाखा अन्तर्गतका कर्मचारीहरुलाई दिइने अतिरिक्त भत्ता सम्बन्धी मापदण्ड २०८१ को अनुसूची-४ बमोजिम समयभन्दा अतिरिक्त समयमा कार्यसम्पादन गर्ने कर्मचारीलाई तलब स्केलको १ दिन बराबरको प्रोत्साहन भत्ता भुक्तानीमा रु.१६ लाख ७४ हजार खर्च गरेको छ। यस्तो खर्च कुल आन्तरिक आय रु. २२ करोड ७५ लाख १८ हजारको ०.७३ प्रतिशत छ।

१५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई धार्मिक तथा सांस्कृतिक संस्था सहायतामा रु. २३ लाख ५६ हजार र र सामाजिक सुरक्षा तर्फ आर्थिक सहायता रु. ११ लाख समेत रु.३३ लाख ५६ हजार वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष आन्तरिक आय रु.२२७५१८९३५ को तुलनामा करिव २.९६ प्रतिशत अर्थात् रु.६७ लाख ३५ हजार खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका विविध खर्च शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको बिल भरपाई पेश भएतापनि कतिपय खर्चका बिलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्धेश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१७ **आन्तरिक आय**

१७.१

आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२७,०१,०३,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२२,७५,१८,९३५ अर्थात अनुमान भन्दा १५.७६ घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१७.२ **कर तथा शुल्क असुली** - यस पालिकाले पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक आय असुल गरेको राजस्वको स्थिति निम्न अनुसार रहेको छः-

आम्दानी शीर्षक	२०७९।८० को असुली	२०८०।८१ को असुली	आ.व. २०८१। ८२ को अनुमान	आ.व. २०८१।८२ को असुली
सम्पत्ति कर	२०१५९४१७.१	२२७३७२४५.५२	३१००००००	२४११७५०५.२१
भूमिकर/ मालपोत	१८२०६५४३.९	१८६७३३३२.२७	२८००००००	२९०३८९७९.७२
बहाल कर	२७३३४५३९.३३	३१६०३८५२.३७	६५००००००	३१२९४८१०.२१
बहाल विटौरी कर	६०६४३२९.५	६२२३६७८.७५	८००००००	६५०५७२३.१४
सवारी साधन कर (साना सवारी)	९६,४२०.००	१०६५५०.	३००००००	१३७९०५
व्यवसायले भुक्तानी गर्ने	०	३,६००.००	३६३००००००	२१,२४०.००
कृषितथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर	०	५७७०९९.	०	४३,८१५.००
अखेटोपहारमा लाग्ने कर	२८७४६२०.६८	१४५८३९७.२६	२५०००००	२२१९२९३
अन्य कर	१२६५२९७९.३९	३१७०९२.२९	४००००००	४१४२२६.४७
अन्य निकायबाट प्राप्त लाभांश	२१५११९७५.		०	३,०००.००
अन्य बिक्रीबाट प्राप्त रकम	११६२४१६९.९३	१६१६७८.२२	०	३,२२०.००
विद्युत सेवा शुल्क	०	८,१७२.००	०	१८०
अन्य सेवा शुल्क तथा बिक्री	०	२९२९९२८१.२	१८६००००००	३९९३४५१५.०३
न्यायिक दस्तुर	०	२१,०४०.००	०	१११९७२.४३
शिक्षा क्षेत्रको आम्दानी	१०२९६६०.	५८१९००.	१५०००००	९८६८८९
परीक्षा शुल्क	०	७५५२४०.	०	६४२९५७
अन्य प्रशासनिक सेवा शुल्क	०	७१५५६६.	०	५०००२१
नक्सापास दस्तुर	६६४१८८१.१७	६४२५६५४.५४	१५००००००	११९६६९८९.८४
सिफारिश दस्तुर	२९१५४०३८.५	३२१५६२२०.२	३२००००००	३५८४४३५१.८३
व्यक्तिगत घटना दर्ता दस्तुर	०	१७,५००.००	०	१७७९१०
नाता प्रमाणित दस्तुर	२१४१००.	२१५६१०.	३०००००	८६,९२०.००
अन्य दस्तुर	०	१६४४२०२.३१	२००००००००	१७४४१६०
व्यवसाय रजिष्ट्रेशन दस्तुर	०	१२९९१०.	०	९६,३८०.००
विद्युत सम्बन्धी दस्तुर	०	६४०.	०	१८०
न्यायिक दण्ड, जरिबाना र जफत	७७,७०६.००	३४५६९२.३६	१०००००	९५०
प्रशासनिक दण्ड, जरिबाना र जफत	४०५५६२.३५	६१७९८०.४८	६०००००.	५५७१०५५.८
धरौटी सदरस्याहा	०	०	१०००००	०
अन्य राजस्व	२६२६३३६१.६४	८३९६१६१.८४	४००००००	५५३१४७५.०९
व्यवसाय कर	२०८३९१७२.६९	१५५५५५९२.६६	०	२५३५३००४.३४

बेरूजु	०	७११८५४.१५	१०३०००	५१७०१०६
पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर	०	४८,५००.००	०	०
जम्मा	२०५१५०४७७.१८	१७९५०९२४३.४२	२७०१०३०००	२२७५१८९३५.११

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकाले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,५३,५३,००४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिँदैन। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१८ नक्सा दर्ता र पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। पालिकाको भवन निर्माण ईजाजत शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	आर्थिक वर्ष	विगत वर्षको बाँकी	नक्सा दर्ता संख्या	नक्सापास संख्या	बाँकी
१	**२०८१/८२**	१६१	३०१	२६८	१९४

उपरोक्त विवरण अनुसार गत वर्षको बाँकी १६१ र यस वर्ष नयाँ दर्ता ३०१ समेतबाट यस वर्ष २६८ वटा नक्सापास गरेको हालसम्म १९४ नक्सा पास गर्न बाँकी रहेको देखिन्छ। नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वियन गरी सुरक्षित शहरी विकासको अवधारणालाई कार्यान्वियन गर्नुपर्दछ।

१९ सफ्टवेयर खरिद तथा सञ्चालन

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष बैदेशिक रोजगारीबाट फर्किएका तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि सूचना प्रणाली निर्माणका लागि रु.२,९५,५४०। खर्च गरेको देखियो। सफ्टवेयर सञ्चालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको देखिएन। सफ्टवेयर निर्माणमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

क्र.सं	कार्यक्रमकोनाम	खरिदगरेकोवर्ष	सफ्टवेयर खरिद खर्च	यो वर्षको वार्षिक मर्मत सम्भार खर्च	हाल सम्मको मर्मत सम्भार खर्च
१	घर नक्सा सफ्टवेर	२०८०।८१	९३४५५१	०	०
२	योजना सञ्चालन सफ्टवेर	२०७७।७८	३५००००	७५०००	१५००००
३	अपाङ्ग परिचय पत्र र ज्येष्ठ नागरिक परिचय पत्र सफ्टवेयर	विवरण प्राप्त नभएको	विवरण प्राप्त नभएको	३३९००	विवरण प्राप्त नभएको
४	तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि सूचना प्रणाली निर्माण	२०८१।८२	२९५५४०	०	०

२० **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी आवश्यकताको पहिचानका आधारमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै दफा २९(१क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डीपीआर प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु. ३८,७३,२५०। परामर्श शुल्क बापत भुक्तानी गरेको छ।

क्र.स.	**विवरण**	**परामर्शदाता**	**खर्च रकम**	**कार्यान्वयनको अवस्था**
१	मध्यमकालीन खर्च संरचना निर्माण	आशुतोष रिसर्च एण्ड कन्सल्टिङ सेन्टर प्रा.लि.	१९७७५०	भएको
२	प्रारम्भिक वातावरणीय परीक्षण(IEE) निर्माण	ग्रीनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि.	९७५०००	भएको
३	नेत्रलाल स्मृति पार्कको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) निर्माण	ग्रीन हेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	९६००००	भएको
४	अर्जुन खोलामा पुल निर्माणको डी. पी. आर.	एल एडन इन्जिनियरिङ सोलुसन प्रा.लि.	१७४०५००	कार्यान्वय नभएको
जम्मा			३८७३२५०	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। यस्ता डी. पी. आर. पालिकाकै जनशक्तिबाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वियन योग्य आयोजनाहरुको मात्र डीपीआर बनाउनुपर्दछ। यसरी प्राप्त डी.पी.आर.का प्रतिवेदनहरू सम्पत्तिको रुपमा अभिलेख गरिनु पर्दछ।

२१ **बजेट तथा लेखा सम्बन्धी सफ्टवेयर सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२ (३) मा उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको सफ्टवेयर सञ्चालन गरेको छ।

क्र.सं	**विवरण**	**खरिद गरेको आ.व.**	**खरिद मूल्य**	**वार्षिक नवीकरण**	**प्रयोगको अवस्था**
१	वेभवेस्ड राजस्व संकलन प्रणाली	२०७६।७७	२९९४५०	५६५००	रहेको

२२ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ बमोजिम तयार गर्नुपर्ने उल्लेख छ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन। पालिकाले यस वर्ष निम्न बमोजिम रू. ९५ लाख ७० हजार कन्टीन्जेन्सी खर्चको विवरण पेश गरेको छ।

विवरण	मस्टरोल	मर्मत तथा ईन्धन	निर्माण कार्य	अध्ययन अनुसन्धान	अन्य खर्च	जम्मा खर्च
कन्टिन्जेन्सी खर्च	६०००००	१४००००	४१००००००	२९८००००	१७५००००	९५७००००

कन्टिन्जेन्सी रकमबाट मर्मत तथा इन्धन जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिन्जेन्सी खर्च गर्नु मनासिब देखिएन। कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि निर्माण गरी खर्च गर्नुपर्दछ।

२३ कृषि अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्षलाई अनुदान वितरण वापत यस वर्ष ४०६ जनाको लागि रु.३३४५२६२ खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	अनुदानको किसिम	संख्या	रकम रु.
१	पशु पालन सहायता कार्यक्रम(चाप कटर – ७, मिल्क क्यान – १०)	५० प्रतिशत अनुदान	१७	३८६८५८
२	प्याज तथा तरकारीको विउ वितरण	५० प्रतिशत अनुदान	२३२	५०८४०४
३	प्लास्टिक निर्माण	५० प्रतिशत अनुदान	२	८०००००
४	फलफूलको विरुवा वितरण(आँप, लिचि,एभोकाडो,कागती)	१०० प्रतिशत अनुदान	१५१	२५००००
५	साना सिँचाइ निर्माण अनुदान कार्यक्रम	५० प्रतिशत अनुदान	२	७०००००
६	मागमा आधारित कृषि विकास कार्यक्रम	५० प्रतिशत अनुदान	२	७०००००
जम्मा			४०६	३३४५२६२

२४ सचिवालय सुविधा

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन,२०७६ मा पादाधिकारीहरुको लागि स्वकीय सचिव/ कानुनी सल्लाहकार र प्रेस सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ। पदाधिकारी सुविधा सम्बन्धी ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी यो वर्ष देहाय अनुसार सल्लाहकार राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

क्र.सं.	पद	मासिक भुक्तानी	वार्षिक भुक्तानी
१	कानुनी सल्लाहकार	४३६८९	५६७९५७
२	प्रेस सल्लाहकार	३४७३०	५६७९६७
जम्मा			११३५९१४

अनियमित भएको	११,३५,९१४

२५ शुल्क तथा नवीकरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(११) मा सरकारी कारोबार गर्दा गुणस्तर मितव्ययी र सरकारी हानी नोक्सानी नहुने गरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका सवारी साधनको बीमा तथा नवीकरण र विद्युत महशुल भुक्तानी गर्दा समयमा नगरेका कारण जरिवना वापत रु१३३००५ भुक्तानी भएकोले थप आर्थिक व्ययभार परेकोले नियमित गर्नुपर्ने रु

गो.भौ.नं. र मिति	भुक्तानी रकम	जरिवना रकम भुक्तानी	कैफियत
२७-२०८१।१२।६	३५९३००	८४९४	विद्युत जरिवाना
२३८-२०८१।६।१५	४६८१५०	६२०४१	
२२०९-२०८१।१०।३०	२९२५५६	२९५७०	
१३११-२०८१।९।५	१२६२००	३२९००	सवारी नवीकरण
जम्मा	१२६२००	१३३००५	

अनियमित भएको	१,३३,००५

२६ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. र मिति	विवरण	कार्यालय	रकम
२६३५-२०८१।१२।३	सवारी साधान मर्मत	वडा प्रहरी कार्यालय	२५००००
४५६७-२०८२।३।११	व्यारेक निर्माण	जिल्ला प्रहरी कार्यालय	१४५०६२
२३८५-२०८१।११।१३	सिकलसेल एनिमिया मेसिन खरिद भुक्तानी	रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान	९९१०१०
३२२९-२०८२।१।७	फर्निचर खरिद भुक्तानी	नेपाल पत्रकार महासंघ	७०००००

अनियमित भएको	२०,८६,०७२

२७ निजी प्रकृतिका तथा नाफामूलक संघसंस्थालाई सहयोग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका तथा जनसहभागिता उच्च हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निश्चित समूह तथा व्यक्तिलाई लाभ प्राप्त हुने देहायका कार्यक्रम तथा योजनामा बजेट प्रस्ताव गरी कार्यान्वयन गरेको देखिन्छ। बजेट प्रस्ताव गर्दा बढी प्रतिफल भएका र सामाजिक लाभ उच्च भएका कार्यकम तथा आयोजना छनौट गरी गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रम/आयोजना	भौ.नं./मिति	खर्च रकम रु.
१	मधुवन आध्यात्मिक पुनर्जागरण केन्द्रको भवन निर्माण		६४४९७५३
२	पोष्ट बहादुर स्मृति प्रतिष्ठानको भवन निमाण	३८।२०८२।३।२४	६२२५३३
३	दाङ डिजिटल मिडिया प्रा.लि. लाई उपकरण खरिद	४९०।२०८१।११।२९	४४९९०
४	वडा नं. १६ मा खनाल सेवा समितिको कुल पुजा मन्दिर निर्माण		२९१९००
५	वडा नं. १२ मा दाहाल समाज प्रतिष्ठान निर्माण	७००।२०८२।१।९	१९४६००
६	वडा नं. १८ मा एकता महिला विकास सहकारी संस्थाको भवन निर्माण	७३७।२०८२।१।९	१९४६००
७	राष्ट्र बहुमुखी सहकारी संस्थालाई फर्निचर	८२४।२०८२।१।९	१९७२४६
८	वडा नं. १६ मा लक्षिन प्रसाद बुढामगर स्मृति प्रतिष्ठान भवन निर्माण	१२४४।२०८२।३।४	५३३८०५
९	जबज अध्ययन केन्द्रको पुस्तकालय भवन निर्माण	१३३१।२०८२।३।९	४९१३६५
१०	थारु कल्याणकारिणी भवन निर्माण	१६४१।२०८२।३।१९	४६३०९५
११	वडा नं. १८ मा बैजाली कुल थान संरक्षण	१७६९।२०८२।३।२२	२९१९००
१२	वडा नं. १३ मा कृष्ण चौधरी स्मृति भवन निर्माण	१९७०।२०८२।३।२५	४५४९६१
१३	वडा नं. १० मा ब्रम्हकुमारी विश्वविद्यालय प्रशिक्षण केन्द्रको भवन निर्माण		१९४६००
१४	वडा नं. १४ मा नेवारी समुदायको भवनमा झ्याल ढोका	३।२०८१।१०।२०	१४५९५०
१५	वडा नं. १४ मा आनन्दटोल महिला सामुदायिक वनमा जारजाली	१९।२०८२।३।१९	२९१९००
१६	वडा नं. १४ मा बैजाली बुढामगर समाजको मन्दिर	२४।२०८२।३।२०	४३६५८७
१७	वडा नं. ६ मा चैनपुर वली वंश कुल पुजा निर्माण	५३।२०८२।३।१५	४८६५०
१८	वडा नं. १८ मा पूर्वी रुकुम कात्री मगर खाम समाजको सग्गा संरक्षण	२१।२०८२।१।२५	२४३२५०

२८ **सामुदायिक वन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्विकृत गराउनुपर्ने र वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको वार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र १५६ वटा सामुदायिक वन उपभोक्ता समूह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समूहले आर्जन गरेको वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला सशक्तीकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन। पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

२९ सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ को दफा २२(१) मा बैदेशिक रोजगारीको क्रममा समस्या तथा ठगीमा परेका ब्यक्तिहरुको न्यायमा पहुँचका लागि आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्रले आवश्यक सूचना तथा परामर्श प्रदान गर्ने र सम्बन्धित निकायसँग समन्वय, सहजीकरण र सहयोग गर्ने व्यवस्था छ। साथै उपदफा (२)मा आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्रमा आएका सेवाग्राही तथा सेवा प्रवाहको अभिलेख राखिने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार आप्रवासी सेवा केन्द्रद्वारा ५५१९ वटा सुचना प्रदान भएको देखिन्छ।केन्द्रद्वारा गरिएको कार्यहरु देहाय बमोजिम रहेका छन्।

क्र.स	विवरण	समस्या संख्या	समाधान संख्या	बाँकी
१	बैदेशिक रोजगार सम्बन्धी समस्या दर्ता	४८३	६८	४१५
२	ठगी	४३१	३५	३९६
३	मृत्यु	१०	५	५
४	वदेशबाट उद्दार	२९	२२	७
५	अन्य	१३	६	७

माथि उल्लेखित विवरण अनुसार बैदेशिक रोजगार सम्बन्धी देखिएका समस्याहरुको समाधान हुन बाँकी देखिएकोले आप्रवासी स्रोत केन्द्र, उपकेन्द्र लगायत सम्बन्धित सरोकारवाला ब्यक्ति तथा निकायहरुले समस्याको समाधान गर्न तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वटा वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९३.२ दिनले जम्मा दिन ६०५५ रोजगारी उपलव्ध गराई रु.४०८३४५४।- श्रमिक ज्याला खर्च गरेको देखिन्छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे/नपरेको सम्बन्धमा यकिन हुन सकिएन। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम दोहोरो नहुने गरी योजना छनौट गरी न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराई व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३१ घटी कर कट्टी

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखानम्बर र मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र लिएका व्यक्ति, फर्म, कम्पनी, संस्थासँगमात्र गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ८८ मा सेवाशुल्क भुक्तानीमा कर बिजक पेश गरेमा १.५ प्रतिशत र बिजक पेश नगरेको भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका स्थायी लेखानम्वर लिएका संस्थाहरुलाई कर बिजक बेगर कार्यक्रम सञ्चालनको सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कट्टी गर्नुपर्नेमा घटी कट्टी गरेको देखिएकोले घटी कर कट्टी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.

संख्या	भौचर नं र मिति	कामको विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	घटी कर रकम
१	विभिन्न	सार्वजनिक सुनुवाइ	समाजका लागि सञ्चार पैरवी नेपाल	६९८०००	५१९७३
२	२६३७-१०८१।१२।३	सीपमूलक तालिम	स्वप्न होजियारी एण्ड प्रशिक्षण केन्द्र	२०००००	२३८०१
जम्मा				८९८०००	७५७७४

असुल गर्नुपर्ने	७५,७७४

३२ **दैनिक ज्यालादारी कर्मचारीलाई चाडपर्व खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(६) मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सृजना गर्न नपाईने र दफा ८३(९) मा सेवा करारबाट नियुक्ति गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुने व्यवस्था छ। पालिकाले कुनै कानुनी आधार बिना सम्झौता नगरी ज्यालादारीमा कर्मचारी नियुक्त गरी चाडपर्व खर्च बापत भुक्तानी गरेको देखिन्छ। सेवा करारबाट नियुक्ति गरिएका कर्मचारीलाई करार सम्झौतामा उल्लेख गरे बमोजिमको सुविधा दिन सकिने व्यवस्था रहेको भएतापनि ज्यालादारीमा नियुक्त कर्मचारीसँग सम्झौता पनि नहुने र काम गरी हाजिरी गरेका दिनको प्रतिदिनको जिल्ला दररेट अनुसार रकम भुक्तानी गर्नुपर्नेमा १४३ औं कार्यपालिका बैठकको निर्णयानुसार दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई अन्य स्थायी तथा करार कर्मचारी सरह चाडपर्व खर्च उपलब्ध गराएको देखिन्छ। कानुनी व्यवस्था वेगर निर्णयका आधारमा दैनिक ज्यालादारीलाई चाडपर्व भत्ता बापत भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु

अनियमित भएको	१५,०९,१५२

३३ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले ईन्जिनियर, सब ईन्जिनियर,सहायक चौथो, अमिन, अनमि, अहेव,दैनिक ज्यालादरी , सामाजिक परिचालक, सवारी चालक, नगर प्रहरी, कार्यालय सहयोगी लगायत विभिन्न पदमा १६० जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.६ करोड ३७ लाख ६५ हजार खर्च गरेको देखिन्छ। पालिकाले माथि उल्लेखित पद बाहेक खर्च व्यहोर्ने स्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरबन्दी बेगर सहायक पाँचौ २ सहायक चौथो २४ जना करारमा नियुक्ति गरी यस वर्ष तलब भत्ता बापत रु.१ करोड ११ लाख ६८ हजार भुक्तानी गरेको छ। पालिकाले उक्त पदहरुमा विगत वर्ष देखि कार्यरत रहेको जनाएको छ। यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,११,६८,०००

३४ **योगदान स्वरुप रकम भुक्तानी**

लुम्बिनी प्रदेश सरकारको प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३७(१) मा स्थानीय तहमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीको सरुवा, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुने, दफा १३७(२) मा यस ऐनले निर्धारण गरेका कर्मचारीको सेवा, शर्त, सुविधा, पदपूर्ति, विभागीय सजाय, कारबाही र कर्मचारी व्यवस्थापन लगायतका विषय स्थानीय सेवाको कानुन बनाउँदा मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय सेवाको कानुन बनाएको देखिएन भने सभाको २०८०।३।१२ को बैठकले १० वर्ष देखि १४ वर्षसम्म निरन्तर सेवामा रहेको कमर्चारीलाई रु. ३ लाख दिने निर्णय गरे बमोजिम कुचिकार पदमा कार्यरत जलबर्सी जमदार वाल्मिकिलाई अघिल्लो आ.व. मा रु. १७९०३० र यस आ.व. मा रु. १२०९६९ भुक्तानी गरेको देखिएकोले ऐन नबनाई सभाको निर्णयले दिएको सुविधा नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,२०,९६९

३५ **अस्थायी सेवा अवधि थप गरी उपादान**

लुम्बिनी प्रदेश सरकारको प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३७(१) मा स्थानीय तहमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीको सरुवा, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुने, दफा १३७(२) मा यस ऐनले निर्धारण गरेका कर्मचारीको सेवा, शर्त, सुविधा, पदपूर्ति, विभागीय सजाय, कारबाही र कर्मचारी व्यवस्थापन लगायतका विषय स्थानीय सेवाको कानुन बनाउँदा मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय सेवाको कानुन बनाएको देखिएन भने कार्यपालिकाले २०७६।८।२३ को निर्णयबाट अस्थायी सेवा अवधि गणना कार्यविधि, २०७६ जारी गरेको देखिन्छ। कार्यविधिको दफा ४(क) मा तत्कालिन स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म अस्थायी सेवा गरेको स्थानीय निकायको कुनै

कर्मचारीले सो सेवालाई अविछिन्न राखी स्थायी नियुक्ति पाएको भए उपदान प्रयोजनको लागि साविकमा निजले गरेको जम्मा अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था गरी देहायका कर्मचारीले गरेको अस्थायी सेवा अवधिलाई गणना गरी उपादान प्रदान गरेको देखिन्छ । प्रदेश सरकारले बनाएको कानुनमा अस्थायी सेवा अवधि जोड्न सकिने व्यवस्था गरेको नदेखिएको तथा पालिकाले स्थानीय सेवा सम्बन्धी कानुन निर्माण नगरेको अवस्थामा कार्यपालिकाले कार्यविधि निर्माण गरी अस्थायी सेवा अवधिलाई गणना गरी उपादान दिएको देखिएकोले यसरी अवधि थप गरी दिएको उपादान रकम नियमसम्मत नदेखिएको रु.

क्र.सं.	**कर्मचारी**	**स्थायी अवधि**	**थप गरेको अस्थायी अवधि**	**भुक्तानी भएको उपदान**	**हुनुपर्ने उपदान**	**बढी भुक्तानी भएको उपदान**
१	नारायण थापा	१५ वर्ष ७ महिना ९ दिन	१० वर्ष ५ महिना ११ दिन	१९३६३९२	६९६००७	१२४०३८५
२	मान बहादुर पुन	१६ वर्ष ४ महिना ७ दिन	९ वर्ष १९ दिन	२०१३३६७	७७७५९०	१२३५७७७
३	प्रेम बहादुर डि.सी.	१७ वर्ष १ महिना १९ दिन	१० वर्ष २ महिना १८ दिन	२१००४६४	७८९५२०	१३१०९४३
४	मधुसूदन बस्नेत	१७ वर्ष ३ महिना १३ दिन	५ वर्ष ५ महिना १७ दिन	१९९५२७४	११३७३०६	८५७९६७
	जम्मा					**४६४५०७२**

अनियमित भएको	४६,४५,०७२

३६ **राजस्व तथा आन्तरिक आय**

३६.१ राजस्व दाखिला: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिबाना तिर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका आय ठेक्कामा गरेको सम्झौतामा तोकेको समयभन्दा ढिलो गरी राजस्व दाखिला गरेको देखिएकोले ढिलो गरेको अवधिको १० प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने देखिएको रु.

क्र.सं.	**आय ठेक्का नं.**	**बोलपत्रदाता**	**रकम रु.**	**बुझाउनुपर्ने मिति**	**बुझाएको मिति**	**जरिबाना रकम रु.**
१	NCB/RIVERBED/GSMC/2/2081/082	सत्यम् कन्स्ट्रक्सन	४९२०३३	२०८२।२।१५	२०८२।३।३०	६१५०
२	NCB/RIVERBED/GSMC/32/2081/082	कालिका कन्स्ट्रक्सन	१६६९५००	२०८२।२।३०	२०८२।३।२३	१०५२०
३	NCB/RIVERBED/GSMC/33/2081/082	मोर्डन मल्टीप्रपोज प्रा.लि.	१२२२२८०	२०८२।२।३०	२०८२।३।२९	९७११
४	NCB/RIVERBED/GSMC/7/2081/082	सत्यम् कन्स्ट्रक्सन	१२९६८२२	२०८१।१२।२८	२०८२।१।३०	९९४८

असुल गर्नुपर्ने	३६,३२९

३६.२ **सरसफाइ सेवा शुल्क र गाडी भाडा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापनको

लागि बोलपत्र आह्वान गरेकोमा सबैभन्दा बढी २९ प्रतिशत कबोल गर्ने सगरमाथा मल्टि सर्भिस देव सरसफाइ सेवा जे.भी. सँग २०८१।९।२५ मा सम्झौता गरी २०८१।१०।१० देखि कार्य गर्ने गरी ४ वटा गाडी भाडामा लगाउने कार्यदिश दिएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार आषाढ मसान्तसम्म रु.९००६६२४ संकलन गरेकोमा सम्झौता बमोजिम सङ्कलन गरेको रकमको २९ प्रतिशतले हुन आउने रकम रु.२४०९६७४ दाखिला गर्नुपर्नेमा रु.११०००००० मात्र दाखिला गरेको देखिएको तथा मासिक रु.२०७५०० का दरले २०८१।१०।१० देखि लागु हुने गरी सम्झौता गरेकोमा आषाढ मसान्तसम्म रु.११७५३३३ दाखिला गर्नपुर्नेमा रु.६२२५०० मात्र दाखिला गरेको देखिएकोले कम दाखिला गरेको सरसफाइ तर्फको रु.१३०९६७४ र गाडी भाडा बापतको रु.५५३३३३ सहित जम्मा रु.१८६३००७ र त्यसमा दाखिला गरेको मितिसम्मको वार्षिक १० प्रतिशतका दरले जरिवाना थप गरी असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१८,६३,००७

३६.३ **सटर भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिबाना तिर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. १४ र १५ मा रहेका सटर भाडामा लगाउनको लागि प्रकाशन गरेको सूचना अनुसार शिलबन्दी दरभाउपत्र पेश गरी सटर भाडा लिएका देहायका व्यक्तिहरुले भाडा रकम दाखिला गर्न बाँकी रहेको देखिएकोले त्यसमा दाखिला गरेको मितिसम्मको वार्षिक १० प्रतिशतका दरले जरिबाना समेत सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने देखिएको रु.

क्र.सं.	ठेकेदारको नाम	कबोल रकम रु.	बुझाउन बाँकी रकम रु.
१	अन्जु गुप्ता	५८१४७	३८७६३
२	राजन कुमार गुप्ता	५८१४७	३८७६३
३	मेराज जसगर	१२३६३६	१०३०३
	जम्मा	**२३९९३०**	**८७८२९**

असुल गर्नुपर्ने	८७,८२९

३६.४ **विज्ञापन कर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।०८१ देखि २०८२।०८३ सम्म तीन वर्षको लागि विज्ञापन कर उठाउनको लागि मिति २०८०।८।६ मा प्रतिक कन्स्ट्रक्सनसँग वार्षिक रु.३३९००००। र प्रत्येक वर्ष १० प्रतिशत ले वृद्धि हुने गरी सम्झौता भएको देखिन्छ। सम्झौताको दफा ६ का कार्यालयमा बुझाउनुपर्ने रकम कुनै पनि कारण देखाई माफी मिन्हा गर्न नपाइने, दफा ७ मा वार्षिक कबोल रकमको ५० प्रतिशत रकम असोज मसान्तसम्म र बाँकी ५० प्रतिशतको बैङ्क जमानत राखी बैशाख मसान्तसम्म दाखिला गर्नुपर्ने, दफा ८ मा सम्झौता बमोजिम कार्य नभए हानी नोक्सानीको बिगो बाँकी बक्यौता सरकारी बाँकी सरह असुल उपर गरी कारबाही गरी सम्झौता खारेज गर्ने उल्लेख छ। आर्थिक वर्ष २०८१।०८२ मा प्राप्त हुनुपर्ने रकमको ५० प्रतिशत बराबरको रकम रु.१८६४५०० बैंक जमानतबाट जफत गरेको देखिन्छ भने बाँकी ५० प्रतिशत रकम प्राप्त गरेको देखिएन। नगर कार्यपालिकाको मिति २०८२।३।१० मा निर्णय गरी ठेक्का सम्झौता रद्द गरी कालोसूचीमा राख्ने र क्षतिपूर्ति सहित रु.६०६६४०० दाखिला गर्न लगाउने निर्णय गरेको देखिन्छ। सम्झौतामा भएको व्यवस्था र कार्यपालिकाको निर्णय बमोजिम यस वर्ष प्राप्त हुनुपर्ने रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
३६.४.१	प्रतिक कन्स्ट्रक्सन	१,८६४,५००

प्रमाण पेश नगरेको	१८,६४,५००

३७ **विज्ञापन करको बाडफाँट**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विज्ञापन करबाट रु.१३४९०० आम्दानी गरेकोमा प्राप्त आयको ४० प्रतिशतले हुन आउने रकम रु.५३९६० प्रदेश सञ्चित कोष दाखिला गरेको नदेखिएकोले विज्ञापन कर बापतको ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	५३,९६०

३८ **राजस्व बाँडफाँट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवमं माटोजन्य वस्तुको विक्री गरी प्राप्त राजस्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था छ। त्यस्तै प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजस्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा ६० प्रतिशत तथा प्रदेश संचितकोषमा ४० प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। उल्लेखित प्रावधान अनुसार ४० प्रतिशतले हुने रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१४,३७,७२०

३९ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४(१८) बमोजिम स्थानीय तहले भत्ता बापतको निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरी बन्द गर्नुपर्ने, निकासा र खर्चको अभिलेख अद्यावधिक गरी बैंकसँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वापत रु.६१२३१०४६६।- विभिन्न बैंक मार्फत वितरण गरेको देखिन्छ। पालिकाले निम्नानुसारको विवरण पेश गरेको आधारमा बैंकहरुले लाभग्राहीहरुको नामनामेसी नखुलाई रु.११८८१५६ संघीय संचितकोषमा दाखिला गरेको छ। पालिकाले वर्षान्तमा बैंकहरुबाट लाभग्राही र लाभग्राहीले प्राप्त गरेको रकम सहितको विवरण प्राप्त गरी भिडान गर्नुपर्दछ।

क्र.सं.	विवरण	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रोत्रैमासिक	चौथो त्रैमासिक
		EFT Amount	EFT Amount	EFT Amount	EFT Amount
१	अन्य ज्येष्ठ नागरिक भत्ता	९५४६९३४५	९६३८६९२८	९७६४९३०९	१०१०७०४१७
२	ज्येष्ठ नागरिक भत्ता (दलित)	७९६६७००	८२३१८१३	१३३००	७९९२६९९
३	ज्येष्ठ नागरिक एकल महिला	९७३८२६०	९८११४१०	९६५३१४०	८६६३३६३
४	विधवा	२४१०४४०५	२४९११५३०	२५६०७८२०	२६३१२११९
५	पूर्ण अपाङ्गता भत्ता	५१०८२९०	५३९०७५६	५५१८४३६	५६४८२४४
६	अति अशक्त अपाङ्गता भत्ता	६०५०७२८	६१४७७३५	६२८६१८५	६३२०१६०
७	दलित बालबालिका	२६५६९५१	२७०४९५६	२६९६४२४	२६९०८२३
८	लोपोन्मुख जाति	३७१०७०	३७१०७०	३८३०४०	३८३०४०
जम्मा		१५१४६५७४९	१५३९५६१९८	१४७८०७६५४	१५९०८०८६५

४० **शिक्षातर्फ**

४०.१ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत ९३ सामूदायिक विद्यालयमा १०३३ जना शिक्षक र २२०८५ विद्यार्थी रहेकोमा समग्रमा शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको छ। पालिका भित्रका सामूदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५० भन्दा माथि हुने विद्यालय शून्य छन् भने शिक्षक विद्यार्थी अनुपात १० भन्दा कम हुने विद्यालयहरु १८ वटा रहेको देखिन्छ।-

क्र. स .	विद्यालयको नाम र ठेगाना	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री सरस्वती बालकल्याण प्राथमिक विद्यालय,माराकोट	३	१०	३
२	श्री प्राथमिक विद्यालय, सोरेटी रातामाटा	३	११	४
३	श्री मातापवित्रादेव माध्यमिक विद्यालय	८	३१	४
४	श्री प्राथमिक विद्यालय, जोगीडाँडा	४	२३	६
५	श्री नारायण प्राथमिक विद्यालय, सेवार	३	१९	६
६	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रज्जे	४	२६	७
७	श्री आधारभूत विद्यालय, चाक्लिघाट	१०	७२	७
८	श्री सिद्ध प्राथमिक विद्यालय, हेक्राम	४	२९	७
९	श्री बराहक्षेत्र प्राथमिक विद्यालय, बसेरीखोला	२	१५	८
१०	श्री सुनाली प्राथमिक विद्यालय, दम्ती	३	३०	८
११	श्री गुराँस प्राथमिक विद्यालय, गुराँ	३	२३	८
१२	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, दुन्द्रा	१०	८१	८
१३	श्री सर्वोदय प्राथमिक विद्यालय, बुधौरा	३	२६	९
१४	श्री सरस्वती प्राथमिक विद्यालय, सुकाखोला	२	१८	९
१५	श्री प्राथमिक विद्यालय, मकुण्डाँडा अस्परी	६	५४	९
१६	श्री दोभान प्राथमिक विद्यालय, दुईखोला	४	३६	९
१७	श्री बालहित प्राथमिक विद्यालय, पटिञा	३	२७	९
१८	श्री प्राथमिक विद्यालय, सानीअम्बापुर सर्रा	५	४७	९

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरे तापनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।

४०.२ **दिवा खाजाः-** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदान दिने व्यवस्था गरेको छ। पालिका अन्तर्गत संचालित ९३ वटा विद्यालयलाई पालिकाले जम्मा रु.२८०५२९७५ ।- निकासा दिएको छ। यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

क)पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधानध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन नगराइ निकासा गरेको छ। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

ख)पालिकाले श्री अम्बिका माध्यमिक विद्यालयमा दिवा खाजाको अनुदान रु.२५४४२५ निकासा गरेकोमा सो भन्दा घटीको रु.२४९९८५ को बिल भर्पाई पेश भएको देखिन्छ। पेश भएको भर्पाई भन्दा बढी निकासा भएको रकम रु.४४४० विद्यालयले संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,४४०

४०.३ **प्राविधिक विद्यालयलाई अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.७.१३.५० को बुदाँ नं.२.६ अनुसार OJT वापतको कक्षा ९-१२ सम्मका विद्यार्थीका लागि शिक्षण सिँकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु.१५००० का दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका विद्यालयलाई अनुदान निकासा दिएकोमा विद्यालयले खर्चको बिल भरपाई पेश गरेको देखिएन। विद्यालयले कार्यविधि अनुसार एक जना ल्याव असिस्टेन्ट नियुक्ति गरेको नियुक्तिपत्र, OJT मा सहभागी हुने विद्यार्थीको लागि प्रतिमहिना १ हजारको दरले रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरेको प्रमाण र सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरण गरेको प्रमाण, व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गरेको प्रमाण साथै बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा विद्यालयले खर्च गरेको रु.३४३५००० को प्रमाण पेश गर्नुपर्ने रु.

भौ. नं.	विद्यालयको नाम	विद्यार्थी संख्या	रकम
१६०।०८१।०९।०३	गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय चौघेरा	११८	१७७०००
१६०।०८१।०९।०३	पद्योदय पब्लिक नमूना माध्यमिक विद्यालय	१११	१६६५०००
जम्मा		२२९	३४३५०००

प्रमाण पेश नगरेको	३४,३५,०००

४०.४ **नमुना विद्यालय अनुदान** - अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा नमुना विद्यालयलाई स्वीकृत गुरूयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ (संसोधनसहित) मा उल्लेखित तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने तथा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गत श्री पद्मोदय पब्लिक नमुना माध्यमिक विद्यालयलाई रु.५६७०८२९।- निकासा भएकोमा विद्यालयलाई उल्लिखित कार्य बेगर वर्षान्तमा विद्यालयको खातामा निकासा गरेको देखियो। कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम विद्यालयको प्रस्तावना, कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता, कार्यसम्पन्न प्रतिवेदन, खर्चको स्थानीय तहको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५६,७०,८२९

४०.५ **छात्रवृत्ति :** कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८१।८२ मा पालिकाभित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुका लागि IEMIS तथ्याङ्कका आधारमा छात्रावृत्ति बापतको रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१/८२ को विद्यालयको लेखापरीक्षणको सारांश अनुसार छात्रावृत्तिको लागि रु.२३५२०००।- निकासा भएकोमा नमुनाको आधारमा हेर्दा देहायका विद्यालयले छात्रावृत्ति बाँडेर बाँकी रहेको निम्नानुसारको रकम रु.६८०००।- संघीय संचितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु...

क्र.स.	विद्यालयको नाम	निकासा रु.	भर्पाई पेश रु.	फरक
१	श्री गोरक्ष रत्नाथ माध्यमिक विद्यालय चौघेरा	१०००००	८५२००	१४८००
२	श्री आधारभूत विद्यालय गिठेपानी	५३४००	४६०००	२४००
३	श्री अम्बिका माध्यमिक विद्यालय	२६८००	२६४००	४००
४	श्री माध्यमिक विद्यालय डाँडागाउँ	८३६००	८१६००	२०००
५	श्री महेन्द्र माध्यमिक विद्यालय धर्ना	५३६००	४६२००	६४००
६	श्री आधारभूत विद्यालय चाक्लिघाट	१०४००	९२००	१२००
७	श्री बराहक्षेत्र माध्यमिक विद्यालय सेवार वनगाउँ	२६८००	१९६००	७२००
८	श्री माध्यमिक विद्यालय नयाँगाउँ बुका	५४४००	५१२००	३२००
९	श्री जनता प्राथमिक विद्यालय डाँगीगाउँ	१४०००	१३२००	८००
१०	श्री माध्यमिक विद्यालय हापुर रतनपुर	३८४००	३४८००	३६००
११	श्री दारुल मदरसा माध्यमिक विद्यालय घोराही	२२४००	२२०००	४००
१२	श्री नरदेवी माध्यमिक विद्यालय तेघरा	३१२००	२६०००	५२००
१३	श्री प्राथमिक विद्यालय कर्जाही	१२८००	११२००	१६००
१४	श्री प्राथमिक विद्यालय पेदा	११६००	१०८००	८००
१५	श्री प्राथमिक विद्यालय श्रीचौर	१०८००	१०४००	४००
१६	श्री प्राथमिक विद्यालय त्रिवेणी कर्मटिया	१५६००	१४८००	८००
१७	श्री प्राथमिक विद्यालय गिठेपानी	४६४००	४६०००	४००
१८	श्री माध्यमिक विद्यालय झिगंनी बञ्जाडी	६१२००	६०४००	८००
१९	श्री सिर्जनशील आधारभूत विद्यालय बाहुनडाँडा	२६८००	१८८००	८०००
२०	श्री सुनाली प्राथमिक विद्यालय दम्ती डाँडागाउँ	४८००	३२००	१६००
जम्मा		७०५०००	६३७०००	६२०००

असुल गर्नुपर्ने	६२,०००

४०.६ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन -** आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखियो। शिक्षा, विज्ञान, प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन निर्देशिका २०८०।८१ मा प्रति विद्यार्थी अनुदान दिने व्यवस्था छ। उक्त विद्यालयका लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको सशर्त र पालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नुपर्ने रकम खर्च नगरी विद्यालयको खातामा राखेको देखिएकोले खर्च नभएको रकम संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	शीर्षक	आय	खर्च	फरक
१	श्री माध्यमिक विद्यालय रझेना	छात्रवृत्ति	४८०२४०	२१६८००	२६३४४०
		पाठ्यपुस्तक	१३४६६३८	९९५६०४	३५१०३४
		दिवा खाजा	२१८८८००	१७०३१६३	४८५६३७
२	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय , केन्द्र	दिवा खाजा	१८५६८५	१३४५५०	५११३५
३	श्री हापुर मावि निघुवार	दिवा खाजा	५४२०००	५०७६४५	३४३५५
४	श्री मावि रतनपुर हापुर	छात्रवृत्ति	८२४००	७८४००	४०००
५	श्री बराह क्षेत्र मावि सेवार वनगाउँ	दिवा खाजा	२७७२९५	२५९७२२	१७५७३
६	श्री सरस्वती मावि काठेकोल	दिवा खाजा	३७८४९५	३१३७१५	६४७८०
७	श्री गोरक्ष रत्ननाथ मावि चौघेरा	पाठ्यपुस्तक	६५५७६२	६२४८०२	३०९६०
जम्मा			६१३७३१५	४८३४४०१	१३०२९१४

प्रमाण पेश नगरेको	१३,०२,९१४

४०.७ **निजी विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकीन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको देखिएन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

४०.८ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा सामूदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। पालिकाले विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

४०.९ **विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत ९३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ।

४०.१० **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था छ।

पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफू मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

४०.११ **सार्वजनिकीकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि बाह्रकक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेबसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्नेमा सार्वजनिक गरेको देखिएन।

४१ निः शुल्क पाठ्यपुस्तक

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.४.६.२, उपक्रियाकलाप ३.१ मा विद्यालयले माग गरेको विद्यार्थी संख्यासहित रकमलाई EMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने र यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत कक्षागत दररेटका आधारमा हिसाव गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ। नमुना छनौट गरेर परीक्षण गर्दा पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय भरतपुरलाई पाठ्यपुस्तकबापत निकासा रु.१२०६२५९ भएको र सोमध्ये कक्षा १२ का पाठ्यपुस्तक ७८५ सेट खरिद गरी रु. ३८७.४८ दरले रु. ३०४१७१.८० हिमाल बुक्स घोराही १५, दाङ लाई भुक्तानी भएको छ। कक्षा १२ को ५१४ जना विद्यार्थीले मात्र पाठ्यपुस्तक बुझिलिएको देखिन्छ। त्यस्तै कक्षा १० को पाठ्यपुस्तक ३१० सेट रु.९२४ ले खरिद गरी रु. २८६४४० भुक्तानी भएको छ भने २९६ विद्यार्थीले मात्र पाठ्यपुस्तक बुझिलिएको देखिन्छ। यसरी कक्षा १२ को २७१ र कक्षा १० को १४ पाठ्यपुस्तक बढी खरिद भएको देखिएकोले रु.११७९४३ को विद्यार्थीलाई वितरण गरेको भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु.११७९४३

प्रमाण पेश नगरेको	१,१७,९४३

४२ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७ को अनुसूची १ बमोजिम पारिश्रमिक कर गणना गरी कर दाखिला हुनुपर्नेमा निम्नानुसारको कर्मचारीहरुको कर गणना गरी कट्टी तथा दाखिला भएको नपाइएकोले कर कट्टी गर्नुपर्ने रकम सम्बन्धित शिक्षकबाट असुल गर्नुपर्ने देखिएको रु.

कर्मचारीको नाम, थर	पद	जम्मा वार्षिक आय	करयोग्य आय	पारिश्रमिक कर
श्री माध्यमिक विद्यालय डाँडागाउँ गोग्ली, घोराही				
राजेन्द्र कुमार घिमिरे	मा. वि . द्वितीय	८६९३१४	११९३४७	११९३४
शतिश कुमार आचार्य	मा. वि . प्रथम	१००६४५९	२३३३११	२६६६२
विष्णु प्रसाद खनाल	मा. वि . द्वित्तीय	८३८४४५	९३५१६.६	९३५२
मुक्ति प्रसाद पोख्रेल	मा. वि . तृत्तीय	८२४५८५	८२१७६	८२१७
श्री माध्यमिक विद्यालय झिङ्नी बन्जारी दाङ				
विष्णु प्रसाद शर्मा	प्र. अ . द्वित्तीय	९१५९६५	१५८१९६	१५८१९
श्री प्राथमिक विद्यालय कर्नाही				
लिलाराज पण्डित	प्रा. वि	८२४७८५	८२१७६	८२१७
श्री माध्यमिक विद्यालय जजरागाँउ				
तिल प्रसाद घर्ती मगर	मा. वि	८२५०८५	८२६७६	८२६७
श्री माध्यमिक विद्यालय रझेना दाङ				
उद्धव न्यौपाने	मा. वि .	९१५९६५	१५८१९६	१५८१९
लालमणि आचार्य	मा. वि .	८६९३१५	११९३४६	११९३४
खिम बहादुर डाँगी	मा. वि .	८६९३१५	११९३४६	११९३४
किरण देवकोटा	मा. वि . तृत्तीय	८२४५८५	८२१७६.६	८२१७
दामोदर बस्नेत	आ. वि	८४२०२३	९६६६७	९६६६
श्री पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय भरतपुर				
गोपाल गौतम		८२४५८५	७९७७६	८२२८
देबा पौडेल		८६३७३४	५४७०९	१६४४
लोक बहादुर बस्नेत		८२५०८५	८२६७६	५२९८
मोहन कु. अधिकारी	मा. वि . प्रथम	१००६४५९	५३२९९	१५३८
मदन कुमार पौडेल		९१५४६५	३७६८९	४७६८
गंगा बहादुर बुढाथोकी		८२४५८५	२२१७६	१२२७
नारायण पोख्रेल		८२४५८५	८२१७६	८३६८
अतिराम वली		८२४५८५	८२१७६	८३६८
जम्मा				१८५४७७

प्रमाण पेश नगरेको	१,८५,४७७

४३ **वडातर्फ**

४३.१

अन्य कार्यालयको खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत नदेखिएको रु.

वडा नम्बर	विवरण	कार्यालय	रकम
१	इन्धन	रामपुर प्रहरी चौकी	५००००
२	इन्धन	रामपुर प्रहरी चौकी	५००००
१२	इन्धन	अस्थायी प्रहरी चौकी हापुर बिजौरी	५००००
१३	इन्धन	अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्क कार्यालय	५००००
१४	इन्धन	वडा प्रहरी कार्यालय	१००००
१६	फर्निचर,इन्धन	सर्रा प्रहरी चौकी	४९००८
१८	इन्धन	प्रहरी चौकी दुइखोली	५००००
जम्मा			**३०९००८**

अनियमित भएको	३,०९,००८

४३.२ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई आएको वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वस्तु तथा सेवा खरिद गरी भुक्तानी गरेको तर स्टोर दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

वडा नं.	गो.भौ.नं. र मिति	जिन्सी विवरण र स्पेशिफिकेशन	परिमाण	भुक्तानी रकम
२	२२-२०८१।९।४	ल्यापटप (Lenovo I5)	१	७३५५०
	१८-२०८१।९।३	ल्याब टेवल	१	४१९७९
	५७-२०८१।१०।३०	हिमस्टार लेट टिभि २४ इन्च	१	६५०००
१२		प्रिन्टर ब्रदर	१	
१३	६३-२०८१।११।१३	ल्यापटप आई श्री १२thजेनेरेसन ८ जीवि	१	५९९००
		लेजर प्रिन्टर	१	३९५००
१६	१०५-२०८२।१।२८	ल्यापटप डेल (I5,12th generation)	१	७४३८६
	१०३-२०८२।१।२८	फ्रिज	१	३८१९०
१९	१५-२०८१।९।१४	डेल ल्यापटप	१	६०५६८
	९४-२०८२।२।८	ल्यापटप (एचपी)	१	९८९८८
	१११-२०८२।३।२२	डेस्टप कम्प्युटर	१	८४५००
		प्रिन्टर	१	३९९००
	२३-२०८१।९।२४	ल्यापटप एसर	१	५६६३०
		प्रिन्टर क्यानन	१	२४७७०
जम्मा			१४	७५७८६१

प्रमाण पेश नगरेको	७,५७,८६१

४३.३ **म्याद सकिएपछि निर्माण कार्य** - पालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा सम्झौता गर्दाका बखतको अन्तिम म्यादभित्र कार्य सम्पन्न गर्नुपर्ने र सो बाहेक म्याद थप नगरिने उल्लेख छ। पालिकाले वडा नं. १६ जुरुट्टे टोलमा सडक स्तरोन्नतिको लागि २०८२।१।१५ सम्मको म्याद दिई २०८१।१२।२६ मा उपभोक्ता समितिसँग सम्झौता भएकोमा २०८२।३।१९ मा कार्य सम्पन्न भई मूल्याङ्कनका आधारमा भुक्तानी दिएको देखिन्छ। उपभोक्ता समितिले म्याद थपको लागि निवेदन दिएकोमा निवेदन उपर कुनै निर्णय नगरी म्याद समाप्त भएको दुई महिनापछि कार्य सम्पन्न पश्चात भुक्तानी गरेको देखिन्छ। निर्धारित समयमा काम सम्पन्न गर्न लगाउने वा मनासिव कारणसहित म्याद थपको निर्णय गरी कार्य सम्पादन गराउने गर्नुपर्दछ।

४३.४ **शीर्षक फरक पारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही गर्नुपर्ने तथा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन) कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। वडा नं. ४ को गोग्ली शिव पञ्चायन मन्दिरमा ट्वाईलेट र तारजालीको लागि बजेट विनियोजन भएकोमा योगका लागि भवन निर्माण कार्यमा भुक्तानी गरेको देखिएकोले शीर्षक फरक पारी गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,९४,६००

४३.५ (17-2082-02-07):
ह्युम पाईप खरिद - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। वडा नं. १ मा ८ वटा ह्युम पाईप खरिद बापत प्रयास

कन्क्रिट पोल एण्ड ह्युमपाईप उद्योग प्रा. लि. लाई रु. ४९९६४ भुक्तानी दिएको देखिन्छ। खरिद गरेका ह्युम पाईप स्टोर दाखिला गरेको देखिएन भने प्रयोग तथा वितरण गरेको मूल्याङ्कन वा भर्पाई राखेको देखिएन। स्टोर दाखिला गरी प्रयोग भएको देखिने प्रमाण पेश गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	४९,९६४

४३.६ **अर्को वडामा कार्य** - पालिकाका प्रमुख प्रशासकीय अधिकृतले पालिकाभित्रका १९ वडा सचिवहरुलाई वडाको लागि स्वीकृत बजेटबाट खर्च गर्ने अख्तियारी दिएकोमा १४ नं. वडा कार्यालयले वडा तर्फ विनियोजित गरेको रकमबाट वडा नं. १८, हात्तिखर्क, बैजाकोटमा अवस्थित बुढा मगर समाजको कुल थान संरक्षण कार्यको लागि उपभोक्ता समितिलाई रु.२९१९०० भुक्तानी गरेको देखिन्छ। एउटा वडामा विनियोजित रकम अर्को वडामा खर्च गरेको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,९१,९००

४३.७ **शीर्षक फरक पारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा बजेट कार्यक्रमको सीमाभित्र रही खर्नुपर्ने व्यवस्था छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। १९ वडा कार्यालयले सरसफाई व्यवस्थापन शीर्षकबाट डेस्कटप कम्प्युटर खरिद गरी भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,३९,४४२

४३.८ **निजी प्रकृतिका तथा नाफामूलक संघसंस्थालाई सहयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका तथा जनसहभागिता उच्च हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निश्चित समूह तथा व्यक्तिलाई लाभ प्राप्त हुने देहायका कार्यक्रम तथा योजनामा बजेट प्रस्ताव गरी कार्यान्वयन गरेको देखिन्छ। बजेट प्रस्ताव गर्दा बढी प्रतिफल भएका र सामाजिक लाभ उच्च भएका कार्यकम तथा आयोजना छनौट गरी गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रम/आयोजना	भौ.नं./मिति	खर्च रकम रु.
१	वडा नं. १६ मा खनाल सेवा समितिको कुल पुजा मन्दिर निर्माण		२९१९००
२	वडा नं. १२ मा दाहाल समाज प्रतिष्ठान निर्माण	७००।२०८२।१।९	१९४६००
३	वडा नं. १८ मा एकता महिला विकास सहकारी संस्थाको भवन निर्माण	७३७।२०८२।१।९	१९४६००
४	वडा नं. १६ मा लक्षिन प्रसाद बुढामगर स्मृति प्रतिष्ठान भवन निर्माण	१२४४।२०८२।३।४	५३३८०५
५	वडा नं. १८ मा बैजाली कुल थान संरक्षण	१७६९।२०८२।३।२२	२९१९००
६	वडा नं. १३ मा कृष्ण चौधरी स्मृति भवन निर्माण	१९७०।२०८२।३।२५	४५४९६१
७	वडा नं. १० मा ब्रम्हकुमारी विश्वविद्यालय प्रशिक्षण केन्द्रको भवन निर्माण		१९४६००
८	वडा नं. १४ मा नेवारी समुदायको भवनमा झ्याल ढोका	३।२०८१।१०।२०	१४५९५०
९	वडा नं. १४ मा आनन्दटोल महिला सामूदायिक वनमा तारजाली	१९।२०८२।३।१९	२९१९००
१०	वडा नं. १४ मा बैजाली बुढामगर समाजको मन्दिर	२४।२०८२।३।२०	४३६५८७
११	वडा नं. ६ मा चैनपुर वली वंश कुल पुजा निर्माण	५३।२०८२।३।१५	४८६५०
१२	वडा नं. १८ मा पूर्वी रुकुम कार्की मगर खाम समाजको जग्गा संरक्षण	२१।२०८२।१।२५	२४३२५०

४४ **आनुपातिक कट्टी नगरेको** (36-2082-03-24):

प्रदेश सरकारको समपूरक कार्यक्रम अन्तर्गत वडा नं. १४ रझेना चोकदेखि आर्मी ब्यारेकसम्म सडक पिच तथा नाला स्तरोन्नतिको लागि के.बि./एच.एस./डि.एण्ड जि. जे. भि. सँग सम्झौता भई कार्य गरेकोमा तेस्रो बिल बापतको रु.२१२०५८४ भुक्तानी गर्दा रु.९२०५८४ भुक्तानी बाँकी राखी प्रदेश सरकार हस्तान्तरितबाट रु.१२००००० भुक्तानी गरेको देखिएकोले ५० प्रतिशत भन्दा बढी हुने गरी भुक्तानी गरेको रकम प्रदेश सञ्चित कोष दाखिला गर्नपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,३९,७०८

४५ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ६ मा कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नुपुर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तीन महिनाभित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पहिलो र अन्तिम किस्ता बापत रु. ३८९०००० भुक्तानी गरेको देखिन्छ भने समान किसिमको पालिकाको खरको छाना विस्थापन कार्यक्रम बापत यस वर्ष रु.२०१५००० भुक्तानी गरेको देखिन्छ। पहिलो किस्ता बापत भुक्तानी गरी अन्तिम किस्ता भुक्तानी लिन बाँकीको विवरण पेश भएन, पहिलो किस्ता बापतको रकम लिई निर्माण सुरु भए नभएको तथा रकम दुरुपयोग गरे नगरेको सम्बन्धमा पालिकालाई कुनै जानकारी रहेको देखिएन। पालिकाले खरको छाना विस्थापन कार्यक्रममा छनौट गरेका लाभग्राहीको सूची तथा छनौटको मापदण्ड तथा निर्णय पेश भएन। दुई वटा एकै प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा दोहोरोपना नहुने गरी स्पष्ट छनौटको विधि र मापदण्ड बनाई सञ्चालन गर्नुपुर्दछ साथै पहिलो किस्ता लगेका लाभग्राहीको नियमित अनुगमन तथा सहजीकरण गरी सम्बन्धित आर्थिक वर्षमा निर्माण सक्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

४६ **१५ शैया अस्पताल निर्माण**

संघीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैय्या अस्पताल निर्माण कार्यको लागि राजेन्द्र निर्माण सेवासँग मिति २०७८।३।२८ मा कबोल रकम रु १०६६०४९०१। मा २०७९।८।२९ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन्।

४६.१ **प्रगति:** यस वर्ष आठौं र नवौं रनिङ्ग बिल बापत रु.३७६५८९४५ सहित हालसम्म मूल्य समायोजन रकम रु.१२६२२०८० समेत रु.८७१४२३७८ भुक्तानी भएकोमा भौतिक प्रगति ७० प्रतिशत रहेको देखिन्छ। सुरु सम्झौतामा १७ महिनाको म्याद रहेकोमा तीन पटकमा गरी सुरु सम्झौताको १५३ प्रतिशत समय थप गरी २०८२।११।२५ सम्म पुर्याईएको र भौतिक प्रगति ७० प्रतिशत देखिन्छ। निर्माण व्यवसायीका कारण पटक पटक म्याद थप गरेकोमा ३ महिनामा बाँकी ३० प्रतिशत काम सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण कार्यको अनुगमनको लागि सुपरभाईजरको नियुक्ति गरेको देखिन्छ। तोकिएको समयमा कार्य सम्पन्न गर्नको लागि निर्माण व्यवसायीलाई जिम्मेवार बनाई पालिकाबाट नियमित अनुगमन तथा समन्वय गर्ने व्यवस्था गर्नुपर्दछ।

४६.२ **मूल्य समायोजनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीसँग गरेको सम्झौताको GCC ५३ मा सूचना प्रकाशन भएको एक महिना पहिलेको मितिलाई मूल्य समायोजन सूत्र प्रयोग गर्न लिइने आधार मितिको रुपमा प्रयोग गरिने तथा म्याद थप गरेको मितिको मूल्य समायोजन नदिईने उल्लेख छ। पालिकाले सूचना प्रकाशन भएको मिति २०२१।३।२२ भन्दा एक महिना पहिले नेपाल राष्ट्र बैंङ्कले प्रकाशित गरेको ईन्डेक्स प्रयोग गर्नुपर्नेमा फरक ईन्डेक्स प्रयोग गरेको तथा सम्झौताको सुरु म्याद २०२२।१२।१५ भन्दा एक महिना पहिलेको ईन्डेक्स र बिल जारी गरेको एक महिना पहिलेको ईन्डेक्स मध्ये जुन कम हुन्छ त्यही ईन्डेक्स प्रयोग गर्नुपर्नेमा फरक ईन्डेक्स प्रयोग गरी भुक्तानी गरेको देखिन्छ। बिल नं. ७ देखि ९ सम्मको देहाय अनुसारको बिल रकम भुक्तानी गर्दा मूल्य समायोजन बापत रु.४३३९३४४ भुक्तानी गर्नुपर्नेमा मूल्य समायोजन फ्याक्टर फरक पारी रु.५१०८९३३ भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.

बिल नं.	**मूल्य समायोजन हुने रकम रु.**	**प्रयोग गरेको फ्याक्टर**	**समायोजन दिएकोरकम**	**हुनुपर्ने फ्याक्टर**	**समायोजन दिनुपर्ने रकम**
७	१११९१२०८।९०	१.२	२२४९४३२।९८	१.१५५	१७३४६३७
८	६१२२०२५।४०	१.२	१२३०५२७।१०	१.१६६	१०१६२५६
९	८१०४३४१।७०	१.२	१६२८९७२।६८	१.१९६	१५८८४५१
	जम्मा		**५१०८९३२।७६**		**४३३९३४४**
	बढी भुक्तानी भ्याट सहित		**८६९६३५**		

असुल गर्नुपर्ने	८,६९,६३५

४७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु. दश लाखभन्दा बढीको निर्माण कार्य वा मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नपाइने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा देहायका फर्महरुबाट रु. दश लाखभन्दा बढीको मालसामान सोझै खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु

क्र.सं.	फर्मको नाम	भुक्तानी रकम रु.
१.	सम्वृद्धि ईन्टरप्राईजेज	१३०१०९३
२	क्वालिटी प्रिन्टस् प्रा.लि.	१५४३६१९
३	राहुल फेन्सी स्टोर	१३६१३७८
	जम्मा	**४२०६०९०**

अनियमित भएको	४२,०६,०९०

४८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत आर्थिक वर्षको म्याद नाघेको रु.१७९६६९६०,चालु आर्थिक वर्षको म्याद ननाघेको पेश्की रु.७८८९०४६ र म्याद नाघेको पेश्की रु.४५५९७५ बाँकी रहेको देखिएकोले पेश्की फर्स्योटको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

क.सं	विवरण	पेश्की लिनेको नाम	चालु आ.व.को पेश्की		गत आ.व. पेश्की	कूल पेश्की
			म्याद ननाघेको	म्याद नाघेको	म्याद नाघेको	
१	विद्यालय भवन निर्माण (मोविलाईजेसन पेश्की)	प्रेमधन/शुरज जे.भी.	२७८७८००			२७८७८००
२	विद्युत पोल	नेपाल विद्युत प्राधिकरण,घोराही	१०६६५१			१०६६५१
३	निर्माण कार्य (मोविलाईजेसन पेश्की)	के.वि.जलजला-सुनिल जे.भी.	३१२०००			३१२०००
४	सडक स्तरोन्नति	थ्रि.जी.कन्स्ट्रक्सन प्रा.लि.	४६१०००			४६१०००
५	नालासहित पिच निर्माण	विजेश्वरी कन्स्ट्रक्सन सेवा	५९६०००			५९६०००
६	नाला सहित पिच निर्माण	के.वि.एच.एस./डी एण्ड जी जे भि	३०२६९५			३०२६९५
७	सडक तथा नाला स्तरोन्नति	एस.आर.कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी प्रा.लि.	७०००००			७०००००
८	सडक स्तरोन्नति	वि.के.शैलुङ्गेश्वरी जे.भी.	१३५००००			१३५००००
९	विद्युत पोल	विद्युत प्राधिकरण घोराही		११५९७५		११५९७५
	विभिन्न कार्यक्रम	गणेश रेग्मी		३४००००		३४००००
१०	पुस्ताकालय सञ्चालन	सौना चौधरी			१५००००	१५००००
११	निर्माण कार्य	अपरच्युनिटी कन्स्ट्रक्सन प्रा.लि.			२०६१७००	२०६१७००
१२	सडक पिच तथा कल्भर्ट	के.बि. जलजला सुनिल जे.भी.			२९२४००	२९२४००
१३	प्रशासकीय भवन	गौरी पार्वती-भुसाल –वस्नेत जे.भी.			११४०००००	११४०००००
१४	सडक तथा पुल निर्माण	टि.के. ईन्जिनियरिङ – राज जे.भी.			३८१०००	३८१०००
१५	नाला सहित सडक स्तरोन्नति	राना ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.			७३१८६०	७३१८६०
१६	झोलुङ्गे पुल निर्माण	रोयल बिल्डर्स			७२५०००	७२५०००
१७	सडक निर्माण	स्मृति बिशाल कन्स्ट्रक्सन सेवा			६३००००	६३००००
१८	निर्माण कार्य	वि.जि.स्टार निर्माण सेवा	८७२९००			८७२९००
१९	निर्माण कार्य	जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स	४०००००			४०००००
२०	निर्माण कार्य	बराह डेभलपर्स प्रा.लि.			१५९५०००	१५९५०००
जम्मा			७८८९०४६	४५५९७५	१७९६६९६०	२६३११९८१

पेश्की	४,५५,९७५

४९ ऐलानी जग्गामा घर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २(ख)२ मा कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तिमा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने एवं संरक्षण गर्ने गरी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले वडा नं.१० संयुक्त टोलमा सडक निर्माण गर्दा कैलाश लहरेको टहरो भत्काएकोमा भत्किएको घरको सट्टामा तुलसीपुर सडकखण्डको बुधौरे चोकदेखि पश्चिम विपि

बाटिका रोडदेखि पूर्व ऐलानी जग्गामा घर बनाउनको लागि दररेट माग गरी आशामिनी निर्माण सेवालाई रु. ४३६९१९ भुक्तानी गरेको देखिन्छ। ऐलानी जग्गाको लगत लिई संरक्षण गर्नुपर्नेमा ऐलानी जग्गामा व्यक्तिको घर बनाएको तथा पालिकाले आँफैले घर बनाउँदा नक्सा पास नगरी गरेको देखिन्छ। यसरी ऐलानी जग्गामा नक्सा पास बिना घर बनाउने कार्य नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४,३६,९१९

५० विनियोजन ऐन अनुसारको खर्च तथा आम्दानी

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ को लागि राजस्व र व्ययको अनुमान पेश गरेकोमा अनुमानित अंकभन्दा देहाय अनुसार फरक परेको देखिन्छ। पालिकाले आर्थिक वर्ष २०८२।०८३ को राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गरेको देखिएन। कानुनी व्यवस्थाको पालना गरी बजेट तथा कार्यक्रम पेश गर्नपुर्दछ।

क्र.सं.	विवरण	अनुमानित रकम रु.	वास्तविक रकम रु.	फरक रकम रु.	बढी(घटी) प्रतिशत
१	आय	२,०३,७७,१८,०००।	४५,५३,६७,५२०	१,५८,२३,५०,४८०	(७७.६)
२	व्यय	२,४२,७७,१८,०००।	१८१६१२५०००	६११५९३०००	(२५.२)

५१ परामर्श सेवाको विश्वसनीयता तथा गुणस्तरीयता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि परामर्शदाताको कार्यक्षेत्र र निजले सम्पादन गर्नपुर्ने काम, निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय, पेश गर्नुपर्ने प्रतिवेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिवेदन आदिको विवरण सहितको कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले कार्य क्षेत्रगत शर्त तयार गर्दा नियममा भएको व्यवस्था बमोजिमको विवरण संलग्न गरेको देखिएन भने आर्थिक वर्षको अन्तिममा सम्झौता गरी कार्यादेश दिएको र सो म्यादभित्र प्रतिवेदन पेश गरेको देखिन्छ। यसरी छोटो समयमा तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदनको ड्राफ्ट तयार तथा अन्तिम प्रतिवेदन तयार गर्नको लागि समय पर्याप्त भएको देखिँदैन। छोटो समय दिई सोही समयभित्र प्रतिवेदन पेश गर्नाले प्रतिवेदनको विश्वनीयता तथा गुणस्तरीयता कायम भएको कुरामा विश्वस्त हुन सक्ने देखिएन। परामर्श सेवा खरिद गर्दा स्पष्ट विवरणसहितको कार्यक्षेत्रगत शर्त तयार गरी पर्याप्त समय दिएर प्रतिवेदन प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ।

क्र.सं.	कामको विवरण	परामर्शदाता	सम्झौता मिति	प्रतिवेदन पेश गरेको मिति	भुक्तानी रकम
१	भूमिगत जलसतहको अध्ययन तथा कर्मटीया शिवपञ्च त्रिवेणीधाम धार्मिक पर्यटकीयस्थल निर्माणको डी. पी. आर. निर्माण	भट्ट कन्सल्टयान्ट एण्ड रिसर्च प्रा.लि.	२०८२।२।८	२०८२।३।१८	१९४००००
२	शहिद नेत्रलाल स्मृति पार्कको प्रारम्भिक वातावरणीय परीक्षण	ग्रीन ईन्भारोमेन्टल एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	२०८२।२।११	२०८२।३।१८	९६००००
३	कटुवा खोला पुलको डी. पी. आर. निर्माण	नभ्य एस.डि.आर.ई.सि. जे.भि.	२०८१।१०।२८	२०८१।११।३	१६२१५५०

५२ वडा नं. १२ गढी टाकुरा देवस्थलको पूर्वाधार निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ (४घ१) मा बोलपत्र मूल्याङ्कन गर्दा ५ वटा ठेक्का सम्झौता भएको बोलपत्रदातालाई अयोग्य घोषणा गर्नपुर्ने व्यवस्था छ। पालिकाले वडा नं. १२ गढी टाकुरा देवस्थलको पूर्वाधार निर्माणको लागि लागत

अनुमान रकम रु. ६६१७०३९ स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा तीन वटा बोलपत्र पेश भएको देखिन्छ भने सबैभन्दा कम रकम रु. ४६६५४२९ कबोल गरी सारभूत रुपमा प्रभावग्राही देखिएको ओसिस कन्स्ट्रक्सनको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेको देखिन्छ। सूचना प्रकाशन पश्चात बोलपत्रदाताले यस अघि नै ५ वटा ठेक्का सम्झौता भएकोले यस ठेक्कामा सम्झौता गर्न नसक्ने बेहोराको जानकारी गराएकोमा पालिकाले त्यसपछि दोस्रो कम रकम कबोल गर्ने बोलपत्रदातासँग सम्झौता गर्ने वा ठेक्का रद्द गर्ने कुनै पनि निर्णय गरेको देखिएन। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गरी ठेक्का व्यवस्थापनको कार्य गर्नपुर्दछ।

५३ प्रशासनिक भवन निर्माण

प्रशासनिक भवन निर्माण कार्यको लागि सम्झौता रकम रु २०,०५,९२,८५२ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।६ मा गौरी पार्वती-भूसाल-बस्नेत जे.भी. सँग सम्झौता भएको देखिन्छ। सम्झौताका बखत ७५५ दिनको म्याद दिएकोमा तीन पटक म्याद थप गरी सुरु सम्झौताको १५३ प्रतिशत थप गरी २०८३।३।३० सम्म पुर्याएको देखिन्छ। यस वर्ष मूल्य समायोजनसहित चौंथो, पाँचौ र छैठौं बिल बापत रु.७२८६३२४८ भुक्तानी भएकोमा रु. २३०८७३३७ मूल्य समायोजनसहित हालसम्म रु. १२४९७१२०६ भुक्तानी भएको देखिन्छ। लेखापरीक्षणको अवधिसम्म १६७४ दिनमा ५० प्रतिशत भौतिक प्रगति भएकोमा बाँकी २३० दिनमा ५० प्रतिशत कार्य गर्नुपर्ने देखिन्छ । करिब साढे २ वर्ष पहिले निर्माण सम्पन्न भई प्रयोगमा आउनुपर्ने भवन निर्माण व्यवसायीका कारण पटक पटक म्याद थप गरेको देखिन्छ। तोकिएको समयमा कार्य सम्पन्न गर्नको लागि निर्माण व्यवसायीलाई जिम्मेवार बनाई पालिकाबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

५४ रिक्सा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा मालसामान, निर्माण कार्य वा सेवाको स्पेसिफिकेशन तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। श्री प्राथमिक विद्यालय, घोराही १७, बबाडीले तयार पारेको लागत अनुमान तथा स्पेसिफिकेशनमा स्कुल भ्यान बडी (१० क्विन्टल) खरिद गरिने उल्लेख गरेकोमा ई- रिक्सा खरिद गरी गोरखा रिक्सा एसेम्बल उद्योग प्रा.लि., नेपालगञ्जलाई रु.६८६५६७ भुक्तानी गरेको देखिन्छ। लागत अनुमान तथा स्पेसिफिकेशनमा तोकेको भन्दा फरक सामान खरिद गरी भुक्तानी दिएको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६,८६,५६७

५५ दोहोरो भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी नगरिएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वडा कार्यालयको भुक्तानी आदेशका आधारमा रकम भुक्तानी गर्दा एउटै कामको लागि दुई पटक भुक्तानी गरेको देखिन्छ। वडा कार्यालयको फरक भुक्तानी आदेश र पालिकाको भुक्तानीको भौचर नम्बर फरक देखिएकोले एउटै कामको लागि दुई पटक भुक्तानी नगरेको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने अन्यथा दोहरो परेको रकम असुल गर्नुपर्ने देखिएको रु

क्र.सं.	कार्यक्रम/आयोजना	वडा नं.	भुक्तानी आदेश नं.	पालिका भौ.नं./मिति	रकम रु.
१	सिद्धार्थ टोल सडक स्तरोन्नति बापत उपभोक्ता समितिलाई भुक्तानी	४	१४	५९८।२०८१।१२।२१	४८८०००
			१५	६०३।२०८१।१२।२२	४८८०००
२	विद्युत पोल तथा सामग्री खरिद बापत काठमाडौं ईनर्जी ग्रुप प्रा.लि.	१५	-	७०६।२०८२।।१।९	४६३२९२
				७१४।२०८२।१।९	४७९३४९

प्रमाण पेश नगरेको	१९,१८,६४१

५६ **तारजाली खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले तटबन्धनका लागि तारजाली तथा आवश्यक सामग्री बोलपत्रको माध्यमबाट खरिद गरी बिष्णुदेव सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. लाई रु.२८३२११२ भुक्तानी गरेकोमा १०५०५ वर्गमिटर तारजाली स्टोर दाखिला भएको तर स्टोरमा मौज्दात नदेखिएको तथा प्रयोग गरेको प्रमाण पेश गरेको नदेखिएकोले तारजाली उपयोग भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२८,३२,११२

५७ **खरिदमा प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोझै खरिद विधिबाट खरिद कार्य गरेका मध्ये नमुना छनौट गरी हेर्दा देहाय अनुसार तीन वटा फर्महरुबाट दररेट माग गरी खरिद गरेको देखिन्छ। पालिकाले सबैजसो कार्यको लागि तीन वटा फर्मसँग मात्र दररेट माग गरेको र तिनै तीन वटा फर्मबीच प्रतिष्पर्धा गराई कम कबोल गर्ने फर्मसँग खरिद कार्य गरेको देखिन्छ। पालिकाले स्वीकृत गरेको लागत अनुमान र तीन वटा फर्मको दररेट तुलना गर्दा वास्तविक रुपमा प्रतिष्पर्धा भएको कुरामा यकिन हुन सक्ने देखिएन। खरिद गर्दा प्रतिष्पर्धा गराई अधिकाधिक संख्यामा सप्लायर्स तथा फर्मले भाग लिन पाउने गरी गर्नुपर्दछ।

क्र.सं.	कामको विवरण	फर्मको नाम	रकम रु.	कम प्रतिशत
१	वडा नं. ५ मा भल्भ तथा पाईपलाइन विस्तार	गोरखा ईन्टरनेसनल कन्स्ट्रक्सन सर्भिस	८७८४२६	०.३६
		अनिज कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि.	८७९३१६	०.२६
		बि.एम. ग्लोबल कम्पनि प्रा.लि.	८७९४२०	०.२५
२	माले सिरुखर्क लिफ्ट खानेपानीको थ्री फेज जडान, लमडरुवा र रामघाट सिँचाइ	गोरखा ईन्टरनेसनल कन्स्ट्रक्सन सर्भिस	९३०८४१	०.०३
		अनिज कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि.	९२९१२५	०.१५
		बि.एम. ग्लोबल कम्पनि प्रा.लि.	९२९१८०	०.२१
३	सुनपुर डिपबोरिङ्ग सञ्चालन	शिखा कम्पनि प्रा.लि.	७९८९७१	०.१३
		अनिज कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि.	७९९११६	०.११
		बि.एम. ग्लोबल कम्पनी प्रा.लि.	७९९२३८	०.१०
४	डाँडागाउँ टोलमा सिँचाइको लागि पाईप विस्तार	अनिज कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि.	९०१९७६	०.१२
		बि.एम. ग्लोबल कम्पनी प्रा.लि.	९०२१०४	०.०७
		मन निर्माण सेवा	९०२१०४	०.१०
५	हर्नोक बजारमा सार्वजनिक शौचालय निर्माण	अनिज कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि.	६९८४७७	०.२२
		बि.एम. ग्लोबल कम्पनि प्रा.लि.	६९८६१२	०.२०
		मन निर्माण सेवा	६९८२९९	०.२४

५८ **उपभोक्ता समितिबाट खरिद**

५८.१ **हेभी ईक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्जाभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्जाभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

क्र.सं.	योजना	भौ.नं./मिति	निर्माण व्यवसायी	बिजक नं.	मेशिनलाई भुक्तानी
१	ढकेचौर खोलीगाउँ खानगाउँ रिठाखर्क देउकोट सडक निर्माण	९८०। २०८२। २।९	कपासी कन्स्ट्रक्सन	४१। २०८१। १२।२४	१८०१०४१
			बद्रीनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	१६। २०८१। १२२६	२००५७५
२	थकालीकोट गलेना काबेर श्रीचौर च्यानगैरा हुँदै बयालीकोट जोड्ने सडक	१८७२। २०८२। ३।२३	ज्वाई जेठान कन्स्ट्रक्सन प्रा.लि.	१। २०८२। १।२	१५०१७७०
३	वडा नं. १८ घोराही हात्तिखर्क पटिन्जा नयाँ सडक विस्तार	१२४८। २०८२। ३।४	कपासी कन्स्ट्रक्सन	६८। २०८२। २।३	५१२८४७
४	वडा नं. १८ ओवाङमा बाटो स्तरोन्नति	१६६०। २०८२। ३।१९	देव अश्विनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	२०। २०८२। २।२५	२७००५२

५८.२ **उपभोक्ता समितिबाट जटिल कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१०) मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन नसकिने व्यवस्था छ। पालिकाले देहायका कार्य उपभोक्ता समितिबाट गराएकोमा रोलर, एक्जाभेटर, बिटुमिन डिस्ट्रिब्युटर, बिटुमिन ब्वाईलर जस्ता मेशिनको प्रयोग गर्नुपर्ने तथा प्राविधिक ज्ञानको आवश्यकता पर्ने र जोखिमयुक्त कार्य भएको देखिएकोले जटिल किसिमका उपभोक्ता आफैंले गर्न नसक्ने काम उपभोक्ता समिति मार्फत गराउनु मनासिव देखिएन। सार्वजनिक खरिद गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने गरी गर्नुपर्दछ।

क्र.सं.	योजना	भौ.नं./मिति	भुक्तानी रकम रु.
१.	वडा नं. १३ मा हेलो टावरदेखि लाकुरेडाँडासम्म सडक पिच	८८२।२०८२।१।२८	६८२२००।
२	आनन्दनगर टोल कृष्णको पसलदेखि मेघराज लम्सालको घरसम्म सडक पिच	८८६।२०८२।१।२८	१९४६०००।
३	बसन्त बिहार टोल तथा सुन्दरनगर टोलमा नालासहित बाटो आरसीसी	८९३।२०८२।१।२८	२१४०६००।
४	वडा नं. १० का विभिन्न टोलहरुमा विद्युतीकरण	९२७।२०८२।२।२	१९४६०००।
५	वडा नं. १४ ढोडेनी टोलका अधुरा भित्री सडक पिच	११२५।२०८२।२।२१	२४४००००।
६	सेवारखोला पुलदेखि रतनपुरे कुलाको बाँधसम्म सडक पिच र विद्युत पोल सार्ने	१४८२।२०८२।३।१५	२४३२५००।
७	सर्राचोकमा लाईट तथा विद्युत पोलतार विस्तार	१९२९।२०८२।३।२४	१९४६०००।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : घोराही उप महानगरपालिका, दाङ , घोराही उप-महानगरपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	लोक मणी शर्मा	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,९९४,५७४	२७,०६२,७१०	२०,०६५,२५९	०	०	४५५,९७५
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५०,५७८,५१८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५०,५७८,५१८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३२०८१२१३.०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१०१७८४१२८३.२	चालु खर्च	११३१२८९७००.१६
प्रदेश सरकारबाट अनुदान	५०९४७९६७.२५	पूँजीगत खर्च	६८४८३६२२२.६४
राजश्व बाँडफाँट	४७७०५५९८१.७	वित्तीय/अन्य व्यवस्था	८३८७४१३८२.८४
आन्तरिक आय	२२७५१८९३५.११		
अन्य आय	८८१४२२३३६.२७		
कुल आय	२६५४७८६५०३.५३	कुल खर्च	२६५४८६७३०५.६४
बाँकी मौज्दात		१३२०००४१०.९	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		५५,४८,६६,२७७.५५	०.००	५५,४८,६६,२७७.५५	४८,५८,३४,६१०.२२	०.००	४८,५८,३४,६१०.२२
१३०००	अनुदान		१,१०,३९,२३,५४६.२६	०.००	१,१०,३९,२३,५४६.२६	१,०५,४५,७६,३५९.१७	०.००	१,०५,४५,७६,३५९.१७
१४०००	अन्य राजस्व		१४,११,८६,०३६.५८	०.००	१४,११,८६,०३६.५८	१०,५२,१५,५१५.२९	०.००	१०,५२,१५,५१५.२९
१५०००	विविध प्राप्ति		५१,७०,१०६.००	०.००	५१,७०,१०६.००	७,११,८५४.१५	०.००	७,११,८५४.१५
क	कुल जम्मा प्राप्ति		१,८०,५१,४५,९६६.३९		१,८०,५१,४५,९६६.३९	१,६४,६३,३८,३३८.८३		१,६४,६३,३८,३३८.८३
३	चालु		१,१३,१२,८९,७००.१६	०.००	१,१३,१२,८९,७००.१६	१,०८,५६,५८,६११.५१	०.००	१,०८,५६,५८,६११.५१
२१०००	पारिश्रमिक / सुविधा		७२,४५,८७,७५७.१६	०.००	७२,४५,८७,७५७.१६	६५,३३,८२,८३६.२२	०.००	६५,३३,८२,८३६.२२
२२०००	मालसामान तथा सेवाको उपयोग		३३,४४,०६,७०५.२१	०.००	३३,४४,०६,७०५.२१	३८,०१,२७,०४५.४९	०.००	३८,०१,२७,०४५.४९
२५०००	सहायता (Subsidy)		५,९६,५९,७६९.७९	०.००	५,९६,५९,७६९.७९	४,०१,३७,१२५.००	०.००	४,०१,३७,१२५.००
२७०००	सामाजिक सुरक्षा		१,००,८३,७०८.००	०.००	१,००,८३,७०८.००	१,०७,७२,३३४.८०	०.००	१,०७,७२,३३४.८०
२८०००	अन्य खर्च		२५,५१,७६०.००	०.००	२५,५१,७६०.००	१२,३९,२७०.००	०.००	१२,३९,२७०.००
४	पुँजीगत		६८,४८,३६,२२२.६४	०.००	६८,४८,३६,२२२.६४	६६,०५,१३,०७२.७२	०.००	६६,०५,१३,०७२.७२
३१११०	भवन तथा संरचना		१४,००,४२,४५८.००	०.००	१४,००,४२,४५८.००	१३,४४,६७,७९४.२९	०.००	१३,४४,६७,७९४.२९
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,६९,३६,२१६.००	०.००	१,६९,३६,२१६.००	१,१४,५१,१४३.०१	०.००	१,१४,५१,१४३.०१
३११३०	अन्य पुँजीगत खर्च		९,७५,०००.००	०.००	९,७५,०००.००	१५,००,०००.००	०.००	१५,००,०००.००
३११५०	सार्वजनिक निर्माण		५२,६६,०७,९००.६४	०.००	५२,६६,०७,९००.६४	५०,४२,५२,८६८.८९	०.००	५०,४२,५२,८६८.८९
३११६०	निर्मित संरचनाको सुधार खर्च		१,४५,९५०.००	०.००	१,४५,९५०.००	६३,४७,९१८.५३	०.००	६३,४७,९१८.५३
३११७०	पुँजीगत सुधार खर्च		१,२८,६९८.००	०.००	१,२८,६९८.००	२२,९९,०४८.००	०.००	२२,९९,०४८.००
३१४१०	जग्गा प्राप्ति खर्च		०.००	०.००	०.००	१,९४,३००.००	०.००	१,९४,३००.००
ख)	कुल जम्मा भुक्तानी		१,८१,६१,२५,९२२.८०		१,८१,६१,२५,९२२.८०	१,७४,६१,७१,६८४.२३		१,७४,६१,७१,६८४.२३
ग)	बचत /कमी (ग = क-ख)		(१,०९,७९,९५६.४१)		(१,०९,७९,९५६.४१)	(९,९८,३३,३४५.४०)		(९,९८,३३,३४५.४०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/		१,०८,९९,१५४.३०		१,०८,९९,१५४.३०	५६,३६,९३८.९३		५६,३६,९३८.९३

	घट (+/-)								
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		१५,४८८.८९		१५,४८८.८९	(३६,०७८.००)		(३६,०७८.००)	
ङ)	यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(८०,८०२.११)		(८०,८०२.११)	(९,४१,९६,४०६.४७)		(९,४१,९६,४०६.४७)	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१३,२०,८१,२१३.०१		१३,२०,८१,२१३.०१	२२,६२,७७,६१९.४८		२२,६२,७७,६१९.४८	
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन								
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१३,२०,००,४१०.९०		१३,२०,००,४१०.९०	१३,२०,८१,२१३.०१		१३,२०,८१,२१३.०१	

घोराही नगर विकास समिति, दाङ

(OAG-AUT-०००५५५)

घोराही उप-महानगरपालिका , दाङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- बढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतिलाई दिगो तथा योजनाबद्ध रुपमा नगर विकास गर्न नगर विकास सम्बन्धी काम कारवाहीलाई वैज्ञानिक, सहज तथा पारदर्शी बनाउन, भईरहेका नगरको पुन: निर्माण विस्तार र विकासको साथै नयाँ नगरहरुको निर्माण गरी नगरवासीलाई आवश्यक सेवा सुविधाहरु पुर्‍याउन तथा सर्वसाधारण जनताको सुविधा वृद्धि एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले यस नगर विकास समितिको स्थापना भएको हो।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१४ देखि २०८२।८।१४ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको यस वर्ष आय – व्ययतर्फ रु.७ करोड १५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **तलबी प्रतिबेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७(४) मा तलबी प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। कार्यालयले ७ जना कर्मचारी दरबन्दी रहेकोमा तलबी प्रतिवेदन पारित गरेको छैन। तलबी प्रतिवेदन पारित नगरी ७ जना कर्मचारीको तलब भत्ता वार्षिक रु.१२८२३६३ खर्च लेखेको छ। तलबी प्रतिबेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९मा सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, नियमावलीको नियम ९६(२) मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमूखले यो नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामनको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी मालसमानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ। साथै नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक निकायमा पढाउनुपर्ने तालुक निकायको निर्देशन बमोजिम लिलाम बिक्री गर्नुपर्ने, मर्मत संभार गर्नुपर्ने तथा मिनाहा गर्नुपर्ने लगायतका ब्यवस्था छ। कार्यालयले यस वर्ष जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरेको छैन। कार्यालयले नियमावलीको प्रक्रिया अपनाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी कार्यालयमा रहेको जिन्सी सामानहरुको अद्यावधिक गर्नुपर्ने देखिन्छ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ को दफा ३१ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने तथा लेखा उत्तरदायी अधिकृतले आफै वा आफु मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु गराउनु पर्ने ब्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका विषयहरु देहाय बमोजिम रहेका छन्।

- निकायले उद्देश्य प्राप्तिमा देखा परेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको
- नगर विकास समिति ऐन, २०४५ को दफा ६ मा समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नु पर्नेमा बर्षको ३ पटक मात्र बसेको
- नगर विकास समिति ऐन, २०४५ को दफा ७(१) मा समितिको कामकार्वाहीलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्नुपर्नेमा त्यस्ता उपसमितिहरु गठन नगरिएको
- जग्गा प्राप्ति र बिक्रिमा आइपर्ने जोखिम पहिचान, रोकथाम र मूल्यांकन नगरिएको
- सुशासन (ब्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ मा उल्लेख भए बमोजिम नागरिक बडापत्र सबैले देख्ने उपयुक्त ठाउँमा नराखेको
- स्वीकृत कार्यक्रम बमोजिमका क्रियाकलापमा मितब्ययीता, कार्यदक्षता, प्रभावकारीता र जोखिम रहित ढंगबाट सम्पादन गरे नगरेको सम्बन्धमा केन्द्रीय निकायमा वर्षमा २ पटक अनुगमन गर्नुपर्ने ब्यवस्थाको पालना नभएको

यसर्थ, प्रदेश तहका सरकारी कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य गर्न कानुन बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

५ **म.ले.प.फा.नं प्रयोगको अवस्था**

सरकारी आर्थिक कारोबारहरुको लेखा राख्दा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत तथा महालेखा नियन्त्रक कार्यालयबाट निर्मित म.ले.प.फारामहरुको प्रयोग गर्नुपर्छ। नगर विकास समितिबाट गरिने आर्थिक कारोबारहरु जस्तैः बैंक नगदी किताब, रसिद नियन्त्रण

खाता, सवारी साधन लकबुक, आर्थिक विवरण, जिन्सी निरीक्षण फाराम, खप्ने जिन्सी सामान, नखप्ने जिन्सी सामान, भुक्तानी हुन बाँकीको विवरण, भुक्तानीको लागि सिफारिस पत्र, नापी किताब जस्ता महत्वपूर्ण विवरणहरु अनिवार्य रुपमा म.ले.प.फारम अनुरुप तयार गरी पेश गर्नुपर्नेमा गोश्वरा भौचर बाहेक अन्य सबै फारामहरुमा आफै नम्बर उल्लेख गरेको स्रेस्ता परीक्षण गर्दा देखिएकोले अनिवार्य रुपमा म.ले.प.फारम अनुसारको ढाँचामा स्रेस्ता राखी समितिको काम कार्वाही अद्यावधिक र व्यवस्थित गर्नुपर्दछ।

६ **जग्गा मूल्याङ्कन**

शहरी विकास तथा भवन निर्माण विभागले जारी गरेको नगर विकास निर्देशिका, २०६१ को दफा ५.३ मा जग्गा विकास आयोजनामा विकसित घडेरीको न्युनतम मूल्य निर्धारण गर्नुपर्दा कृषि जमिनको मूल्यमा पूर्वाधार विकास मूल्य जोडी निर्धारण गरिने, कृषि जमिनको मूल्य निर्धारण गर्दा सामान्यतया योजना क्षेत्र वा यसका नजिक रहेका कृषि जमिनको प्रचलित मूल्यलाई आधार लिनुपर्ने, पूर्वाधार विकास मूल्य निर्धारण गर्दा योजना क्षेत्रमा विकास गर्ने पूर्वाधार सेवाको खर्च तथा आयोजनाको प्रशासनिक तथा व्यवस्थापन खर्च समेत जोडिने, प्रशासनिक तथा व्यवस्थापन खर्चमा आयोजनाका कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा खर्च, कार्यालय सेटअप, लजिष्टिक तथा सञ्चालन खर्च, योजना सञ्चालन गर्न वित्तीय संस्थाबाट लिईएको ऋणको ब्याज समेट्नुपर्ने व्यवस्था छ। घोराही नगर विकास समितिले बिक्री गरेका घडेरीहरुको मूल्यांकन गर्दा ७० प्रतिशत भार चलनचल्तीको मूल्य र ३० प्रतिशत भार सरकारी मूल्य कायम गरी मूल्यांकन गरेको पाइयो । उक्त मूल्याङ्कनमा पूर्वाधार विकास खर्च जोडेको देखिएन। समितिले पूर्वाधार विकास मूल्य गणना गरेको विवरण उपलब्ध गराएन भने प्रचलित बजार मूल्यलाई मात्र गणना गर्दा पनि देहाय अनुसार फरक परेको देखिन्छ। निर्देशिकाले तोकेको प्रक्रिया पुरा नगरी घडेरीको कम मूल्याङ्कन गरेको रु.१५१५९७१२ नियमसम्मत नदेखिएको रु.

क्र.सं.	जग्गा खरिदकर्ता	प्लट नं.	क्षेत्रफल (बर्ग मि.)	समितिले गरेको मूल्यांङ्कन	चलन चल्तीको मुल्य(समितिको निर्णयानुसार)	घटी मूल्याङ्कन(पूर्वाधार विकास खर्च बाहेक)
१	भिम बहादुर खड्का	२६९	३५३	२१९३४१८८	३०४०००००	८४६५८१२
२	रिखा के.सी.	३०२	७५८	१५१६९७००	१८२६००००	३०९०३००
३	रत्नाकुमारी राना	३६२ ए र बि	४२३.०५	८७२४४५०	१०५६००००	१८३५५५०
४	भुपेन्द्र प्रसाद सुवेदी	१५८	४९३	९३०१९५०	११०७००००	१७६८०५०
जम्मा				**५५१३०२८८**	**७०२९००००**	**१५१५९७१२**

अनियमित भएको	१,५१,५९,७१२

७ **भाडा आम्दानी**

समितिले उपलब्ध गराएको विवरण अनुसार समितिको मुख्य आयस्रोतको रुपमा जग्गा विक्री, मण्डी र घरभाडा, टेण्डर विक्री, बसपार्क शुल्क, सिफारिस दस्तुर लगायत रहेका छन्। समितिले अम्बापुर जग्गा एकीकरण आयोजना अन्तर्गत २०७९/०८० को जिम्मेवारी सहित रु.२५०१५०८३ र घोराही नगर विकास समिति अन्तर्गत २०८०/०८१ को जिम्मेवारी सहित रु. ११५२९२५८ गरी २०८१/०८२ को समितिको कुल आम्दानी रु.३६५४४३४१ जनाएको छ। समितिले कुन कुन कोठा/सटर भाडा कसरी कुन समयमा कति अवधिको लागि कुन माध्यमबाट भाडामा लगाएको हो कुन जग्गा कसरी कुन प्रकृयामा बिक्री वितरण गरेको हो कस कसलाई भाडा/सटर लगाइएको हो लयागतका ब्यहोरा वा विवरण खुल्ने गरी राखिएको अभिलेख लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन। प्रस्तावित आम्दानी र यथार्थ आम्दानी बीच धेरै नै ग्याप देखिएकोले लक्ष्य अनुरुपको आम्दानी उठाउन समेत नसकेको देखिन्छ। समितिसँग हाल के कति संख्यामा कुन कुन स्थानमा कस्तो आकार प्रकारको सटर/कोठाहरु मौजुदा अवस्थामा छन् त्यस मध्ये के कति संख्यामा भाडामा लागेका छन् कति कोठा खाली छन् आम्दानी असुल्न बाँकी छ/छैन त्यसको विवरण एकीकृत एवं अद्यावधिक गरी राख्नुपर्दछ। समितिले उठाउने आम्दानी सम्बन्धमा कार्यविधि तयार गरी जरिवाना लगायतको सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्दछ।

क्र.स.	विवरण	अम्बापुर जग्गा एकीकरण आयोजना		घोराही नगर विकास समिति	
		प्रस्तावित आम्दानी	यथार्थ आम्दानी	प्रस्तावित आम्दानी	यथार्थ आम्दानी
१	गत विगतको जिम्मेवारी	१७७११४८३	१७७१४८३	४७६९०८५	४७६९०८५
२	जग्गा बिक्री	५३०४९६२८	२३०१७६००	७३९८०००	२६०५५००
३	निवदेन दस्तुर	१५००	०	०	०
४	टेण्डर बिक्री	३५०००	३००००	१५०००	५४१००
५	सेवा शुल्क	१५०००	०	१७३३	०
६	सिफारिस दस्तुर	२५०००	०	३०००	०
७	विविध	२५०००	१९६०००	२५०००	४४३७०
८	बसपार्क शुल्क	०	०	२०६०९५६	२५३५९४३
९	नयाँ तथा पुराना सटर भाडा	०	०	१००००००	०
१०	मण्डी र घर भाडा	०	०	१७२५७६	१५२१२६०
जम्मा		५४९२२६११	२५०१५०८३	१५४४५३५०	११५२९२५८

८ **प्राप्त हुनुपर्ने राजश्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिवाना तिर्नुपर्ने व्यवस्था छ। समितिले प्रकाशित गरेको सूचनामा दर्ता भई खोलिएको बोलपत्र फाराम समितिको बोर्ड बैठकले स्वीकृत गरेपछि ६ महिनाको म्याद रहने र दुई दुई महिनाको किस्ता रकम बुझाउनुपर्ने तथा किस्ता रकम समयमा नबुझाएमा ब्याज सहित जम्मा गर्नुपर्ने उल्लेख छ। समितिले बोलपत्र आह्वान गरी स्वीकृत गरेका देहायका बोलपत्रदाताले बुझाउनुपर्ने सम्पूर्ण राजश्व रकम बुझाएको नदेखिएकोले बुझाउन बाँकी रकम असूल गरी कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

क्र.सं.	**जग्गा खरिदकर्ता**	**बापत**	**कबोल गरेको रकम**	**प्राप्त भएको रकम**	**प्राप्त हुनुपर्ने रकम**
१	भिम बहादुर खड्का	घडेरी ब्रिकी	२१९३४२००	५२३००००	१६७०४२००
२	रिखा के.सी.	घडेरी ब्रिकी	१५५२१७०७	२२०००००	१३३२१७०७
३	रत्नाकुमारी राना	घडेरी ब्रिकी	९५०००००	२५०००००	७००००००
४	भुपेन्द्र प्रसाद सुवेदी	घडेरी ब्रिकी	९३२५००१	-	९३२५००१
५	प्रगति टोल विकास संस्था	बसपार्क सञ्चालन शुल्क	१२ महिना	११ महिना	२८००००
	जम्मा				**४६६३०९०८**

प्रमाण पेश नगरेको	४,६६,३०,९०८

९ **आर्थिक कारोबारको स्थिति**

नगर विकास समिति र अम्बापुर जग्गा एकीकरण समितिको गत वर्षको जिम्मेवारी सारेको रु.६५४८३४०, विक्री वा सेवा शुल्कबाट रु. ३२५०५०७३ आम्दानी भएकोमा रु.१४७६०८७८.४ खर्च भई रु.२४२९२५३४.६० मौज्दात रहेको देखिन्छ।

१० **रसिद नियन्त्रण खाता**

समितिले चालु आर्थिक वर्ष २०८०।८१ मा नगर विकास समिति तर्फ नगदी नं. १५१ देखि २९४ बाट जम्मा रु. ६७६१४७३ आम्दानी भएको विवरण पेश गरेको छ। त्यस्तै, आम्बापुर जग्गा एकीकरणतर्फ समितिले पेश गरेको विवरण अनुसार यो वर्ष रसिद नं. १२०१ देखि १२१७ सम्मको रसिदबाट रु. २३२४३६०० आम्दानी गरेको छ।समितिले विकास शुल्क, सेवाशुल्क लगायतका शुल्कहरु नगदै असुल गर्ने प्रयोजनका लागि नगदी रसिद प्रयोग गर्दै आएको छ। यसरी प्रयोगमा ल्याएका रसिद ठेलीहरुको प्रयोगलाई व्यवस्थित र नियन्त्रित गर्ने प्रयोजनका लागि तोकिएको ढाँचामा छुट्टै रसिद नियन्त्रण खाता तयार गरेको देखिएन।तोकिएको ढाँचामा रसिद नियन्त्रण खाता तयार गरी सम्बन्धीत पदाधिकारीबाट स्वीकृत एवं प्रमाणित गर्नुपर्दछ।रसिद दुरुपयोग हुन सक्ने तर्फ समिति सजक हुनुपर्ने देखिन्छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : घोराही नगर विकास समिति, दाङ , घोराही उप-महानगरपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	१५,१५९,७१२	४६,६३०,९०८	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					६१,७९०,६२०
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					६१,७९०,६२०

प्राप्ती र भुक्तानी :

वर्षको सुरु मौज्दात		६५,४८,३४०	
आय		व्यय	
बिक्री / सेवा शुल्क	३,२५,०५,०७३	प्रत्यक्ष खर्च	०
अनुदान	०	संचालन खर्च	१,४७,६०,८७८.४
अन्य आय	०	कर्मचारी खर्च	०
		अन्य खर्च	०
जम्मा	३,२५,०५,०७३	जम्मा	१,४७,६०,८७८.४
		यो वर्षको बचत	१,७७,४४,१९४.६
		वर्षान्तको मौज्दात	२,४२,९२,५३४.६

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा समयमा कार्यान्वयन नभएको, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।